वर्ष : १४, अंक : ३६, काठमाडौं, २०७५ पुस १३ गते शुक्रबार 28 December 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## उपलब्धि संरक्षण गर्न सरकारमा : यादव

काठमाडौं । संघीय समाजवादी फोरम नेपाल अध्यक्ष उपेन्द्र यादवले आन्दोलनबाट प्राप्त उपलब्धिहरू संरक्षण गर्न सरकारमा सहभागी भएको तर्क गरेका छन् । फोरमको प्रदेश नम्बर ३ नेवा: ताम्सालिङको महाधिवेशन सम्बन्धी दुईदिने अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रममा उनले भने, 'आदिवासी जनजाति, मधेशी र उत्पीडित समुदायले विभिन्न राजनीतिक आन्दोलनबाट प्राप्त गरेका उपलब्धिहरूको संरक्षण गर्ने उद्देश्यले नै हाम्रो पार्टी सरकारमा गएको हो । उपयुक्त स्थितिमा हाम्रा माग र मुद्दाहरू सम्बोधन गर्ने सर्तमा सरकारमा हाम्रो सहभागिता भएको हो ।' उनले भने, 'हाम्रो पार्टीको नेतृत्वमा भएको आन्दोलनले नै हामीले उठाएका मुद्दाहरू पहिचानसहितको सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्र संस्थागत भएको छ । कांग्रेस र कम्युनिस्टले यी मुद्दाहरू जबरजस्ती बोक्नु परेको छ । संविधानमा सङ्घीयता संस्थागत भइसक्दा पनि सङ्घीयतालाई समाप्त पार्ने र सङ्घीयतालाई संरक्षण गर्ने बीचको सङ्घर्ष अहिले पनि जारी छ ।' सरकारका उपप्रधानमन्त्री समेत रहेका यादवले भने, 'यो संविधानमा हाम्रो असहमति राज्यको पुनर्संरचनामा हो । पहिचानको आधारमा राज्यको पुनर्संरचना समावेशी राज्यसत्ता हाम्रो लड़ाईं हो र प्राप्त नभएसम्म हाम्रो लड़ाईं जारी रहने छ । संविधान संशोधन गर्न दुई तिहाई मत आवश्यक हुने र हाम्रो सहभागिताले दुई तिहाई पुग्ने भएकोले सरकारमा हाम्रो सहभागिता अपरिहार्य भयो ।'

## महतोको आक्रोश

काठमाडौं । राजपा नेपालका अध्यक्षमण्डलका संयोजक राजेन्द्र महतो संघीय संसदको शीतकालीन अधिवेशनमा मुख्य दलका नेताहरूप्रति आक्रोश व्यक्त गरेका छन् । नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'तर्फ लक्षित गर्दै संयोजक महतोले भने, 'प्रचण्डजी तपाईंले १० वर्ष जनयुद्ध गर्नुभयो, १०/२० हजार मान्छे मारिँदा, सुरक्षाकर्मी मारिँदा प्रधानमन्त्री हुनुभयो । धेरै जना मन्त्रीहरू छन, तपाईहरू कसैलाई मुद्दा नलाग्ने?' 'थारूले आन्दोलन गर्दा थुन्ने, जनताबाट निर्वाचित सांसदलाई जेलमा राख्ने?', उनले प्रश्न गरे । महतोले सांसद रेशम चौधरीलाई रिहा गरी संसदमा बस्ने वातावरण बनाउन पनि माग गरे । जनताबाट निर्वाचित भएर आएका चौधरी संसदमा बस्नुपर्छ कि पर्दैन भनी उनले प्रश्न पनि उठाए । निर्वाचित सांसदलाई सदनमा उपस्थित नगराउनु जनता, संविधान र संसदको अपमान भएको उनको भनाई छ । 'मधेसी हुँदैमा पेल्दिने, यसकै लागि हामी लडेको, आन्दोलन गरेको, एक्लै गरेको हो तपाईले? तपाईले आन्दोलन गर्दा प्रधानमन्त्री हुने, थारूको छोरा आन्दोलन गर्दा जेलमा हुने? तपाईमाथि मुद्दा नलाग्ने, हामीमाथि मुद्दा लाग्ने । कसरी शान्ति हुन्छ, यसरी हुन सक्दैनन नी?' महतोको आक्रोश थियो । सरकारले मधेशका मुद्दाहरूलाई सम्बोधन गर्ने वाचा गरे पनि अहिलेसम्म यसबारेमा कुनै ध्यान नदिएको समेत महतोले आरोप लगाए । सरकारले संघीयता विरोधी काम गरिरहेको समेत उनको आरोप थियो ।

# प्रधानमन्त्रीको कथनी र करनीमा भेद !

## राजपाले आश्वासनको भर कहिलेसम्म थेग्ने ?

मधेशवाणी डेस्क

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधनका लागि एक हप्ता पर्खन राजपा नेपालका शीर्ष नेताहरूलाई आग्रह गरेका छन् । आफ्ना मागहरू पूरा नगरेको भन्दै सरकारलाई दिएको समर्थन फिर्ता लिने चेतावनी दिँदै आएका राजपा नेताहरूलाई आफ्नो सरकारी निवास बालुवाटार बोलाएर ओलीले एक हप्ताको समय मागेका हुन् । यद्यपी एक हप्तापछि संविधान संशोधन गर्ने वा नगर्ने भन्ने बारेमा न त ओलीले भनेका छन् न त राजपाका नेताहरूले बताएका छन् । प्रधानमन्त्रीको नयाँ आश्वासन पछि संविधान संशोधनको मुद्दा के होला यसको जवाब कसैसँग छैन ।



*प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटघाटको क्रममा राजपा नेपालका अध्यक्षमण्डलका नेतागण ।*

आफ्नो मागका विषयमा प्रधानमन्त्रीलाई स्मरण गराएको राजपाले भने सरकारलाई दिएको समर्थन फिर्ता लिने भन्ने रट लगाउन छाडेको छैन । राजपाका नेताहरूले यसअघि पटक पटक सरकारलाई दिएको फिर्ता लिने चेतावनी पनि दिँदै आएको छ । उसले प्रधानमन्त्रीलाई भेटेर छठसम्म पनि माग सम्बोधन नभए समर्थन फिर्ता लिने 'अन्तिम' अल्टिमेटम पनि दिएको थियो । साउनदेखि दसैंसम्म मात्रै राजपाले प्रधानमन्त्रीलाई ५ पटक भेटेर माग सम्बोधन गर्न अल्टिमेटम दिइसकेको छ । र फेरि हालै प्रधानमन्त्रीसँग भएको भेटमा उसले 'समर्थन फिर्ता'को अस्त्र प्रयोग गरेको छ ।

प्रधानमन्त्रीलाई भेटेका राजपाका शीर्ष नेताहरूले संविधान संशोधनसहित कैलालीका निर्वाचित सांसद रेशम चोधरीको रिहाई, मधेश आन्दोलनकारीका मुद्दा फिर्ता, बन्दी रिहाइमा सरकारले अग्रसरता नदेखाएको भन्दै असन्तुष्टि जनाएका थिए । ओली नेतृत्वको सरकारलाई राजपाले दश महिनाअघि समर्थन दिएको थियो । ओली नेतृत्वको सरकार दुई तिहाईतर्फ उन्मुख भएपछि राजपा र फोरम नेपालले सरकारलाई नि:शर्त समर्थन गरेका थिए । फोरम नेपाल सरकारमा सहभागी भइसकेको छ ।

वर्तमान संविधानका विभिन्न प्रावधानले मधेशमा विभेद गरिरहेको दाबी गर्दै आएको राजपाले सुरूदेखि नै विभिन्न फोरममा संविधान संशोधनको माग गर्दै आएको छ । छलफलमा प्रधानमन्त्री ओलीले संशोधनलगायतका विभिन्न विषयमा आवश्यक परामर्श तथा तयारीका लागि एक साताको समय मागेको राजपाका नेताहरूले बताएका छन् ।

भेटमा प्रधानमन्त्रीले राजपालगायतका दलले विगतमा उठाउँदै आएका कतिपय मुद्दा असान्दर्भिक भइसकेको र राजपालाई नयाँ ढंगले अगाडी आउन आग्रह गरेका थिए ।

नेताहरूका अनुसार प्रधानमन्त्री ओलीले राजपाका मागप्रति सरकार सकारात्मक रहेको र मधेशका मुद्दामा आफूपनि सचेत रहेको धारणा राखेका थिए । प्रधानमन्त्रीको उपरोक्त कथन नयाँ भने होइन । यसअघि पनि उनले आफू मधेशको मागप्रति 'सकारात्मक' रहेको पटक पटक भन्दै आएका छन् । प्रधानमन्त्रीको कथनी र करनीमा भेद छुट्ट्याउन नसक्नु राजपाको कमजोरी हो । माग सम्बोधन गराउन उसले ठोस कदम उठाउन नसक्नु अर्थपूर्ण छ ।

प्रधानमन्त्रीलाई भेट्न संयोजक महतोसँगै राजपाका अध्यक्षमण्डलका सदस्य महन्थ ठाकुर, महेन्द्र यादव, शरतसिंह भण्डारी, राजकिशोर यादव र अनिल झा बालुवाटार पुगेका थिए ।

राजपा नेताहरूले प्रधानमन्त्रीलाई आफूहरू अब कुर्न सक्ने अवस्थामा नरहेको बताएपछि प्रधानमन्त्रीले सात दिनको समय मागेका थिए । 'प्रधानमन्त्रीले सात दिनभित्रै सबै पक्षसँग सल्लाह गरी राजपाले उठाएका मुद्दाका बारेमा पछिल्लो अवस्था जानकारी गराउने भन्नुभएको छ', संयोजक राजेन्द्र महतोले भने, 'हामीले एक साता कुर्छौं । सरकारी जवाफपछि ठोस धारणा सार्वजनिक गर्छौं ।'

**प्रदेश २ मा विवाद बढ्यो**

प्रमुख सचेतक परमेशवर साहमाथी दुर्ववहार भएको घटना सार्वजनिक भएपछि प्रदेश नं. २ मा राजपा भित्र चुलिएको विवाद सतहमा आएको छ । प्रमुख सचेतक साहमाथि हातपात भएको घटनालाई लिएर राजापा दुई खेमामा बाँडिएको छ ।

राजपाका केन्द्रीय सदस्य सञ्जय चौधरीले प्रमुख सचेतक साहलाई दुर्व्यवहार गरी घटनालाई मिडियामा अतिरञ्जित गरेको आरोप पार्टीका एकथरीका नेताहरूको छ भने केन्द्रीय सदस्य चौधरी पक्षका नेताहरूले हातपात नभएको दाबी गर्दै आएका छन् ।

पार्टीका धनुषा जिल्लास्तरीय एकथरी नेताहरूले हातपात गरि मिडियामा अतिरञ्जित गर्ने चौधरीमाथी कारवाहिको माग गरेका छन् । उनीहरूले चौधरी जिल्लास्तरीय नेता भएको र उनलाई पार्टीको साधारण सदस्य समेत नरहने गरी कारवाही गर्न केन्द्रलाई पत्राचार गरेका छन् । तर, केन्द्रिय सदस्य चौधरीले आफूले प्रमुख सचेतक साहमाथि हातपात नगरेको दाबी गर्दै आएका छन् ।

चौधरीले प्रमुख सचेतक साहसँग सामान्य विवाद भएको तर हातपात नै नभएको जिकिर गर्दै यो पार्टीको आन्तरिक कुरा रहेकोले मिडियामा ल्याउनु त्यति उपयुक्त नभएको गुनासो गरे । चौधरी अध्यक्षमण्डलका संयोजक राजेन्द्र महतो निकट छन् भने प्रमुख सचेतक साह अध्यक्षमण्डलका पूर्व संयोजक महन्त ठाकुर निकट हुन् ।

### झाद्वारा बैठक बहिष्कार

काठमाडौं । राजपामा चक्रीय प्रणालीअन्तर्गत राजेन्द्र महतो अध्यक्ष भएपछि पार्टीभित्र चुलिएको विवाद झन् चर्केको छ । अध्यक्षमण्डलका ६ सदस्यमध्ये अनिल झाले अध्यक्षमण्डलको बैठक नै बहिष्कार गरेका छन् । संयोजकमा महतो चयन भएपछि बुधबार राजपाको केन्द्रीय समितिको पहिलो बैठक बसेको थियो । मंसिर ४ मा बसेको बैठकले अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुरबाट पार्टी नेतृत्व महतोलाई हस्तान्तरण गर्ने निर्णय गरेको थियो । उक्त निर्णयमाथि झाले फरक मत लेखेका थिए । यक्त बैठकमा झा ठाकुरको प्रतिरक्षामा उभिएका थिए । बैठक सुरू हुने बेलासम्म झा पार्टी कार्यालयमै थिए । कार्यालयको आफ्नै कोठामा बसेर पार्टीका विषयमा छलफल गरे पनि उनी बैठकमा सहभागी भएनन् ।

## 'फोरम र राजपाले मधेशको अपेक्षा पूरा गर्न सक्दैन'

रौतहट । जयप्रकाश गुप्ता नेतृत्वको तराई मधेश राष्ट्रिय अभियानले संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपालले मधेशको अपेक्षा पूरा गर्न नसक्ने निष्कर्ष दाबी गरेको छ । तमरा अभियानले शनिबार गौरमा नागरिक समाजसँग गरेको सम्वाद कार्यक्रममा यस्तो निष्कर्ष निकालिएको हो ।

कार्यक्रममा उपस्थिति नागरिक अगुवा तथा नेताहरूले आज पर्यन्तको मधेश आन्दोलनहरूले उठाएको अधिकारका मुद्दाहरू संविधानमा समाविष्ट हुन नसकेको विचार व्यक्त गरेका थिए । संघीय संसदमा प्रतिनिधित्व गरिरहेका फोरम र राजपाले अब मधेशका अपेक्षाहरू पुरा गराउन नसक्ने दाबी गर्दै यिनीहरूको सत्तामुखी चरित्रमा कुनै परिवर्तन नआएको प्राय: सहभागीहरूले जोड दिएका थिए । 'यी दलहरूको पतन पछि उत्पन्न हुने राजनीतिक रिक्तताले मधेशका निराश युवाहरूलाई अतिवादतर्फ डोर्याउने गंभीर खतरा छ ।' तमरा अभियानका संयोजक गुप्ताले भने, 'यस सन्दर्भमा फेरि पनि तराई मधेश राष्ट्रिय अभियान एक आशा हो ।'

मधेशका अधिकारका मुद्दाहरूलाई शान्तिपूर्ण तवरमा समाधान गराउने सन्दर्भमा अब तमरा अभियानले आफ्नो निस्कृयतलाई परित्याग गरि अगाडि बढ्नुपर्ने निष्कर्ष निकालिएको उनले बताए ।

गुप्ताको प्रमुख आतिथ्यमा भएको सम्वाद कार्यक्रममा अभियानका वरिष्ठ नेता महावीर प्रसाद सिंह (डा. केशरजंग रायमाझि नेतृत्वको नेकपाको तत्कालिन पोलिटब्यूरो सदस्य), आर. डी. आजाद, भोला मुखिया, कुमलेश्वर झा, ललित मल्लिक सानु, राजेन्द्र साह, बिजय गुप्ता, बालेस्वर कायस्थ, संजीब सिंह र समाजवादी पार्टी लोहियावादीका अध्यक्ष नन्दन यादवको उपस्थिति रहेको थियो ।




समय-सन्दर्भ

जयप्रकाश गुप्ता



# स्मृतिपटलमा किसुनजी

एक/दुई अपवाद बाहेक कोइराला परिवार कै सदस्यहरूबाट कोठा भरिएको थियो । यो त्यही कोठा हो, जहाँ केशव प्रसाद कोइरालाको देहावसान भएको थियो । यस्तै अनेकन् भावनात्मक लगावका कारणले नोना कोइराला यसलाई आफ्नो नीजि कोठा बनाउनु भएको थियो ।

किसुनजीको व्यक्तित्वको चर्चा गरिरहनु पर्दैन । सफा, स्निग्ध र प्रफुल्ल किसुनजी घुँडा माथिसम्मको धोती र कमिज लाएर त्यही भूईमा बस्नु भएको थियो । कोइराला वर्चस्वको पारिवारिक माहौलमा किसुनजीको बज्रासन बसाईले उहाँलाई एउटै सतहमा बसेकाहरू मध्ये सबैभन्दा अग्लो बनाइएको थियो ।

गिरिजाबाबू त्यहाँ हुनु हुन्थेन । बहुदलीय व्यवस्थाको पुनर्स्थापना पछि देशको शक्तिशाली प्रधानमन्त्रीको रूपमा किसुनजी पहिलो पटक विराटनगर कोइराला निवास पुग्नु भएको थियो । नोना कोइरालालाई उहाँले सधैं नोनाजी भनी सम्बोधन गर्नु हुन्थ्यो । उ बेलासम्म गिरिजाबाबू प्रधानमन्त्रीको दाबेदार हुने कुरै थिएन । अन्तरिम सरकार थियो । संविधान नै आएको थिएन । निर्वाचन नै भएको थिएन । यस बेला किसुनजी सबै काँग्रेसजनका आँखाका तारा र अपेक्षाका सबैभन्दा अग्ला व्यक्ति हुनुहुन्थ्यो । उहाँको

> किसुनजीमा जीवनका तत्व वोधहरूले ठाउँ ओगट्दै गएको थियो । हामी सब मौन रहेर, किसुनजीका कुराहरू गमिरहेको देखाएर मौन दार्शनिक भई सकेका थियौं ।

स्वागतमा नोना कोइरालाको खुट्टा भूईंमा थिएन । दुश्मनलाई पनि घरमा माया गर्ने कोइरालाहरूका सामु त्यस बेला सबैभन्दा प्रिय पात्र जो थिए । फेरी किसुनजी नोनाको लागि नेता मात्र नभई रामनगरकी छोरी नोनाका लागि किसुनजी पारिवारिक पुरोहितका वंशज थिए, जो प्रजातन्त्र स्थापनाको लडाईमा कोइरालाहरूको ईगो सफल भएको प्रतीकको रूपमा त्यस दिन त्यहाँ हुनुहुन्थ्यो ।

हामी मस्का भन्छौ नि, मस्का लगाउने ! किसुनजी नोनालाई मस्का लगाउदै हुनुहुन्थ्यो । हामी तिर हेर्दै भन्नु भो- बुझ्नु भो, म जेलमा हुँदा सधै नोनाजीको हातबाट बनेको खाना सम्झेर बस्थें । सात सालमा विराटनगर मजदुर हडतालका दौरान राणाहरूले एउटै डोरीमा बाँधेर कोइराला परिवारका महिलासमेत नौ जनालाई बिवराटनगरबाट अड्डासार गरेर काठमाडौं पुऱ्याएको स्मरण गर्दै नोनालाई सोही परिवारका वीरांगना भन्दै हुनुहुन्थ्यो ।

नोनाले पस्कनु भएकी रेड लेबल ह्वीस्कीका केही पेगपछि किसुनजी अचानक गम्भीर हुनुभयो । विस्तारै उहाँका कुराहरू बढी दार्शनिक, आस्थामय र आध्यात्मिक हुँदै गयो । बद्रि बस्नेत, अशोक कोइराला, हरि सापकोटा, रमेश घिमिरे, उमेश गिरी, वसन्त भट्टराई, नगेन्द्र ढुंगेल र हामीहरू थियौं । यिनै जमात तर्फ हेर्दै किसुनजीले सोध्नु भयो, ल भन्नुस् म कुन शक्तिको प्रेरणाले सोरह वर्षसम्म जेल बस्न सकेहुलाँ ? यो सबैका लागि समस्या खडा गर्ने जिज्ञासा थियो । संसारिकतामा नफसेको, आध्यात्मका उपासक, चरित्रका हठी, स्वभावका रमाईलो र व्यवहारका कुशाग्र, यो र यो भन्दा धेरै अन्तरनिहीत अदृश्य ज्ञानगुणका किसुनजी यत्रो वर्ष कुन प्रेरणाले जेल बस्नु भो, यो भन्ने सामर्थ्य त्यहाँ कसैमा थिएन ।

'शक्तिमा मानिस देवत्व देख्छ । राजालाई त हामीले अवतार नै मान्यौं । राजा महेन्द्रले

बाँकी पृष्ठ २ मा



## सम्पादकीय

# न्यानो खोज्दै मधेश

मधेशमा शीतलहरको प्रभाव सुरू भएको छ। बालबालिका, वृद्धवृद्धा, असहाय र गरीबमाथि बढी प्रभाव पार्ने तथा कतिपय अवस्थामा जीवन हरणसमेत गर्ने शीतलहरबाट जोगिन जरूरी छ। मधेशमा वर्षेनी सयौंको शीतलहरकै कारण अकालमै मृत्यु हुने गरेको छ। तर मधेशमा घट्दो तापक्रमसँगै उत्पन्न शीतलहरका कारण मानिसले ज्यान गुमाइरहँदा प्रदेश र केन्द्र सरकार भने सत्ता र स्वार्थको 'न्यानो' मा मस्त छ।

कुहिरो र शीतसँगै चल्ने चिसो पश्चिमी हावाका कारण स्थानीयको दैनिकी पनि सुस्त हुँदै गएको छ। बजार तथा कार्यालयहरूमा सर्वसाधारणको उपस्थिति पातलिएको छ। सरकारी कार्यालयहरूमा सेवाग्राहीको संख्या घटेको छ। सार्वजनिक स्थलहरूमा मानिसहरू आगो तापिरहेका छन्।

प्रदेश २ मा करीब ४८ प्रतिशत जनता गरीबीको रेखामुनि रहेका कारण शीतलहरले ज्यान गुमाउनुपर्ने अवस्था आएको छ। नत्र किन माइनस डिग्री तापक्रममा पनि कर्णालीमा मान्छे मरेको खबर आउँदैन ? तसर्थ शीतलहरको दीर्घकालीन समाधान आर्थिक समृद्धि नै हो। यसकारण

**प्रदेश २ मा करीब ४८ प्रतिशत जनता गरीबीको रेखामुनि रहेका कारण शीतलहरले ज्यान गुमाउनुपर्ने अवस्था आएको छ।**

राज्य पक्षको उदासीनताका कारण पनि जाडोबाट मधेशीको मृत्यु भइरहेको छ। जाडो आइरहेको कुरा सबैलाई थाहा हुन्छ तर मान्छे मरेपछि मात्रै राज्य जाग्ने प्रवृति रहेसम्म न्यानोको अभावमा मधेशी मरिरहन्छ।

शीतलहरको प्रकोप हुँदा पनि प्रदेश सरकार र निर्वाचित जनप्रतिनिधिले समेत केही गर्न नसक्नु उनीहरूको अकर्मयण्ता मात्र होइन, जनताप्रति बेइमानी पनि हो। चुनावका बेला गर्ने खर्चको थोरै अंश पनि यतिबेला दिने हो भने थुप्रै पीडितले राहत पाउन सक्छन्। तर नेताहरूको भोटमुखी रवैयाले जनताले रहातको सट्टा आहत पाउने गरेका छन्।

मधेशका सम्पूर्ण नागरिकको अधिकारको कुरा गर्ने, संरचना र सीमामाथि अविरल बहस चलाउने, जागरण अभियान र स्वतन्त्रताको नाममा लाखौं खर्च गरी बस्ने नेतृत्ववर्गहरू वर्षमा एउटा कम्बल बाँड्ने वा सामान्य सक्रियतासमेत नदेखाउनु चिन्ताको विषय हो।

यस्ता गहन विषयमा मधेशकेन्द्रित दल र तिनका नेताहरूले विशेष ध्यान दिनुपर्नेछ।

शीतलहर, बाढी, आगलागी र खडेरी हुने क्षेत्रको पहिचान गरी त्यहाँ त्यसको रोकथाम र त्यसबाट बच्न सक्ने उपायसम्बन्धी संयन्त्रको जानकारी सरोकारवालाहरूलाई समयमै दिनुपर्छ। राज्य र सरोकारवालाहरू उचित समयमा क्रियाशील भई आवश्यक पूर्वाधारको निर्माण र जोखिम न्यूनीकरणका प्रयासहरू गर्नुपर्ने हुन्छ। मधेशका राजनीतिक दलका नेताहरू ठूलो-ठूलो भाषण गर्ने, ठूला दलका नेताहरूलाई गाली गर्ने, मधेशलाई अधिकार सम्पन्न बनाउनेलगायतका कुराहरू गर्नेहरू अहिले मधेशीको ज्यान जोखिममा हुँदा मधेशीलाई शीतलहरबाट जोगाउनुको साटो आफनै तालमा नाचिरहेको देख्दा उदेक लागेको छ।

## साताको सात बात



पर्यटन उद्योगले सरकारले अगाडि सारेको समृद्ध नेपाल, सुखी नेपाली भन्ने संकल्प साकार पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्छ। सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गरेको छ यसतर्फ सबैले ध्यान दिएर लाग्नुपर्छ। **विद्यादेवी भण्डारी, राष्ट्रपति**



नेपाली कांग्रेसको नेतृत्वमा भएको निर्वाचनमा पार्टीले हारेपनि संविधान कार्यान्वयन, लोकतन्त्र, समावेशी संरचना र गणतन्त्रको जित भएको छ। पार्टीले पनि विधान संशोधन गरेर समावेशी सिद्धान्तलाइ आत्मसात गरेर अगाडि बढ्छ। **शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस**



देशको जर्जर अवस्था देख्दादेख्दै सबै ठीकठाक छ भनेर जनतालाई भ्रम नछरौं ? सत्तामा पुग्नेबित्तिकै जनताका सपना र दुःख बिर्सन थालेका छौं ? हाम्रा चश्माहरू फेरिएका हुन् ? आलिसान महलमा बस्ने र धुलोमैलो नदेख्ने ? **डा. बाबुराम भट्टराई, संयोजक, नयाँ शक्ति पार्टी नेपाल**



हामीले यो संविधान संशोधन गरौं भनिरहेका छौं। ठूला दलका वरिष्ठ नेताहरू नै यो संविधान खत्तम गर्न तिर नलाग्नु होला। संविधान बाइबल, कुरान जस्तो संशोधन हुन नसक्ने त होईन। एउटै मुलुकका जनतालाई दुईवटा व्यवहार नगरौं। **राजेन्द्र महतो, संयोजक, राष्ट्रिय जनता पार्टी नेपाल**



कांग्रेसकै नेतृत्वमा भएका परिवर्तनलाई पार्टीको विधानमा संस्थागत गर्ने कार्य पुरा भएको छ। चुनाव हारेपछि पार्टीपंक्तिमा छाएको निराशा हटेको छ। अब पार्टी एकढिक्का र उर्जाशिल बनेकाले सदन र सडकमा सक्रिय रूपमा अगाडि बढ्नेछ। **विमलेन्द्र निधि, उपसभापति, नेपाली कांग्रेस**



कर्मचारी समायोजन अध्यादेशमा कुनै पनि राष्ट्रसेवक कर्मचारीको वृत्तिविकासको ढोका बन्द गरिएको छैन। समयमा नै कर्मचारी समायोजन नगर्ने हो भने प्रदेश र स्थानीय तहको विकास निर्माण र सेवा प्रवाह प्रभावित हुने भएकाले अध्यादेश ल्याइएको हो। **लालबाबु पण्डित, संघीय मामिला तथा प्रशासनमन्त्री**



कृषि मजदुरका समस्या र सरोकार हिजोका हरूवा-चरूवाभन्दा भिन्न भएपनि कम गम्भीर छैनन्। मधेशका किसानको आर्थिक मेरूदण्ड भित्रभित्रै भाच्चिँदै गएको छ। कृषि मजदुरी क्षेत्र अहिले पनि शोषण र विभेदरहित छैन। **चन्द्रकिशोर, लेखक**

# परीक्षणमा राजेन्द्र महतो



**रामसुकुल मण्डल**

मंसिर ४ गतेको बैठकबाट बहुमतीय पद्धतिअनुसार राजपाको नयाँ संयोजक बनेका राजेन्द्र महतोमाथि अहिले चुनातीको चाँग रहेको छ। पूर्व संयोजक महन्थ ठाकुरलाई जवरजस्ती हटाएर बहुमतको निर्णयको आधारमा संयोजक बने पछि पार्टी भित्र द्वन्द्वले चर्को रूप लिएको छ भने अर्को तर्फ राजपाले उठाउँदै आएको संविधान संशोधनको मुद्दालाई सार्थक बनाउनु पर्ने जिम्मेवारी थपिएको छ।

आफू संयोजक बने पछि महतोका लागि पार्टीभित्रका असन्तुष्ट नेताहरूलाई विश्वासमा लिन जरूरी छ। पूर्व संयोजक महन्थ ठाकुर नयाँ संयोजक महतोसँग रूष्ट छन्। ठाकुर मात्र होइन, पूर्व तमलोपाका नेताहरू, जो अहिले राजपामा सक्रिय छन, पनि पार्टीको पछिल्लो क्रियाकलापबाट सन्तुष्ट छैनन्।

पार्टीको विधानमा दुई महिनामा चक्रीय प्रणालीअनुसार संयोजक फेर्ने उल्लेख भए पनि अध्यक्ष मण्डलका नेताहरूले महाधिवेशनसम्म चलाउन भनेका थिए। तर बीचमा एक्कासि हटाउने निर्णय गरेर ठाकुरको आत्मसम्मानमा चोट पुगेको भन्दै उनी निकटका नेताहरू असन्तुष्ट छन्। यस्तै, एकताका निर्वाचन आयोगमा बुझाइएको नामावलीबाहेकको नियुक्ति खारेज गर्ने निर्णयप्रति ठाकुर पक्षको आपत्ति छ।

नयाँ संयोजक बने पछि महतोमाथि पार्टी भित्रको यस्ता समस्याहरू थपिएको छ। यदि पार्टीको आन्तरिक विवाद र द्वन्द्व समयमै समाप्त भएन भने पार्टीले गतिलो बाटो लिन सक्दैन। किनभने राजपा गठन भए देखि नै यसले पूर्ण आकार ग्रहण गरिसकेको छैन। केन्द्रमा राजपा नामको पार्टी भए पनि गाउँ, जिल्ला र प्रदेश स्तरमा यसको संगठन बनि सकेको छैन। देश संघीय संरचनामा भए पनि पार्टीले संघीय आकार लिएको छैन। पार्टीलाई गतिशील र संगठित बनाउनु पर्ने पनि जिम्मेवारी महतोमाथि छ। यसका साथै पार्टीले उठाउँदै आएको संविधान संशोधनसहितका मुद्दाहरूलाई कसरी व्यवस्थापन गराउन सकिन्छ भन्ने विषयमा पनि उसको भूमिका महत्वपूर्ण छ। यसका लागि पार्टीले संघीय संसदमा विशेष भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

संविधान संशोधनका लागि राज्यपक्षबाट पटक पटक आश्वासन पाई सकेर पनि संविधान संशोधन भएको छैन। यसका लागि राजपाले सरकारलाई पटक पटक आग्रह र धम्की पनि दिदैं आएको छ।

पछिल्लो क्रममा संविधान संशोधनका लागि प्रधानमन्त्री केपी शर्मा ओलीले सात दिनको माग गरेका छन्। संसद्को हिउँदे अधिवेशन सुरू हुने अघिल्लो दिन मङ्गलवार प्रधानमन्त्रीसँगको भेटवार्तामा राजपा अध्यक्षमण्डलका नेताहरूले संशोधनको ताजा आश्वासन पाएका हुन्।

माग पूरा नगेको भन्दै सरकारलाई दिएको समर्थन फिर्ता लिने चेतावनी राजपाले दिएको थुप्रै पटक हो। माग पूरा नभए छठ पछि नै समर्थन फिर्ता लिने उसले चेतावनीयुक्त भाषा अहिले पनि बोलिरहेको छ। तर राजपाले न त समर्थन फिर्ता नै लिन्छ न त आफना माग सम्बोधन गराउनका लागि ठोस कदम नै चाल्छ। राजपाले अब के गर्ने र उसले कस्तो बाटो लिने भन्ने जिम्मेवारी पनि महतोको काँधमा थपिएको छ।

यद्यपी राजपा अध्यक्ष मण्डलको नेतृत्व महतोले सम्हालेपछि प्रधानमन्त्रीसँग पहिलो पटक भएको हो। नेता महतोलाई गत निर्वाचनमा जिताउन तत्कालीन नेकपा एमालेले सहयोग पनि गरेको थियो। त्यसैले प्रधानमन्त्री ओलीसँग रहेको उनको 'गाढा' सम्बन्धका कारण पछिल्लो भेट अर्थपूर्ण रहेको छ। किनभने प्रधानमन्त्रीको आश्वासनपछि महतो र उनी निकट नेताहरूको सरकारलाई हेर्ने दृष्टिकोण पहिलेको भन्दा फेरिएको छ।

यस्तो अवस्थामा महतोमा आफू नै पार्टीको नेतृत्वमा रहेका बेला सरकारबाट माग पूरा गराएर राजनीतिक लाभ लिने 'स्वार्थ' रहनु स्वाभाविक पनि हो। त्यसो हुन नसके उनी सरकारसँगको सम्बन्ध तोड्दै निर्णायक कदम उठाएको श्रेय लिने मनस्थितिमा रहेको पनि पाइन्छ।

राजपाले समर्थन फिर्ता लिँदैमा सरकारको भविष्यमा कुनै अप्ठेरो पर्ने देखिन्न। तर त्यसको राजनीतिक अर्थ भने हुनेछ। किन कि सङ्घीय समाजवादी फोरमले पनि संविधान संशोधनको सर्तमा आफू सरकारमा सहभागी भएको दाबी गर्दै आएको छ।



त्यसैले पनि प्रधानमन्त्री ओली र महतोबीच चुनावमा बनेको विश्वासपूर्ण सम्बन्ध परीक्षणको नयाँ चरणमा प्रवेश गरेको छ र त्यसक्रममा दुवै पक्ष मिलनविन्दुको खोजीको प्रयासमा भने जुट्ने देखिन्छ।

अबको दिनमा मधेशको राजनीतिले कुन मोड लिन्छ, यसै भन्न सकिने स्थिति छैन। तर, यति पक्का छ- आफूलाई आठ जिल्लामा सीमित राख्ने राजपा र फोरमको राजनीतिक शक्ति भने घट्नसक्छ। किनभने निर्वाचन परिणामले पनि यस्तै देखाएको छ। उनीहरू राष्ट्रिय होइन क्षेत्रीय दल हुन भनेर स्वयं मधेशी जनताले प्रमाणित गरेका छन्। त्यसैले अब राजपा र फोरमको राजनीति समग्र मधेशका लागि नभएर सीमित मधेशीहरूका लागि मात्र हुनेछ।

राजपाको राजनीतिक समस्या आफैंभित्र छ। यसले मधेशका सम्पूर्ण बासिन्दालाई आफ्नो मतदाता मान्दैन। यो पार्टी आफैं नश्लीय दृष्टिकोणले पीडित छ। उपेन्द्र यादवले संघीय समाजवादी पार्टीसँग एकीकरण गरेर मधेशी र जनजातिहरूको राजनीति एकैसाथ अघि बढाएको छ तर, राजपाले भने यस्तो राजनीतिलाई पूर्णतः वर्जित गरेको छ। जसका कारण प्रदेश-२ का आठ जिल्लामा पार्टी सीमित भएको छ।

दुई तिहाइ बहुमतसहितको बलियो सरकारले उपेन्द्र यादवलाई सरकारमा सहभागि गराएर दुई बर्षसम्म थाती रहेको संबिधान संशोधन गर्ला वा नगर्ला अहिले भन्न सकिने अवस्था छैन। संविधान संशोधनलाई नै मुख्य मुद्दा बनाएर आन्दोलनकै निरन्तरता स्वरूप चुनाव लडेका मधेशी दलहरू मध्ये उपेन्द्रले नेतृत्व गरेको फोरमले 'फेस सेभिङ' सहित सरकारमा सहभागी भएका छन्।

फोरमले २ बुँदे सहमतिका आधारमा उपप्रधानमन्त्री सहित स्वास्थ्य मन्त्रालय र सहरी विकास मन्त्रालय पाएका छन्। फोरम अध्यक्ष उपेन्द्र यादव आफै उपप्रधान र स्वास्थ्य मन्त्री बनेका छन भने मोहम्मद इश्तियाक राइ सहरी विकास मन्त्री छन्। फोरम केन्द्रीय सरकारमा गए पछि उसको राजपासँगको सम्बन्धमा दरार आएको छ। यद्यपी दुबै दल प्रदेश २ मा संयुक्त सरकार चलाइ रहेका छन् भने प्रदेश सरकारलाई अक्षुण बनाइ राख्ने बताउँदै पनि आएका छन्। तर फोरमको सरकारमा सहभागिता राजपालाई भने मन परेको छैन भने उसले भित्रभित्रै यसको रणनीतिलाई असफल बनाउने प्रयास पनि गरिरहेको छ।

उही केपी ओली हुन जसले शेरबहादुर देउवा नेतृत्वको सरकारले तात्कालीन संसदमा ल्याएको संविधान संशोधनको प्रस्तावलाई असफल बनाएका थिए र पछि फोरम र राजपा त्यसैलाई मुद्दा बनाएर निर्वाचनमा होमिएका थिए। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा आंशिक कार्यगत एकता गरेका फोरम र राजपाबीच संविधान संशोधनको विषयमा समान धारणा रहे पनि वर्तमान सरकारमा सामेल हुने निर्णयले विवाद बढाएको छ। मधेस मुद्दाको 'लिगेसी' कसले बोक्ने र आन्दोलनबाट प्राप्त उपलब्धीहरूलाई कसले 'क्यास गर्ने' भन्ने अघोषित द्वन्द्व उनीहरू बीच सुरू भइसकेको छ।

मधेसमा एउटै मुद्दा बोकेर संगै आन्दोलनमा होमिएका शक्तिहरूबीच देखिएको फुटले मधेशी जनता खुसी छैनन्। मधेसमा आन्दोलन कै बलमा उदाएका दुई ठूला दलहरूबीच फुट

**प्रधानमन्त्री ओली र महतोबीच चुनावमा बनेको विश्वासपूर्ण सम्बन्ध परीक्षणको नयाँ चरणमा प्रवेश गरेको छ र त्यसक्रममा दुवै पक्ष मिलनविन्दुको खोजीको प्रयासमा भने जुट्ने देखिन्छ।**

ल्याएर संविधानका केही बुँदालाई संशोधन गर्ने नाउँमा तुहाएर यादवलाई सत्तापक्ष र राजपालाई प्रतिपक्ष बनाउन केपी ओली, उनको सरकार र सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी सफल भएको छ। आफैंले 'नश्लिय राष्ट्रवाद'को आरोप लगाएको तात्कालीन एमालेको नेतृत्वसँग सरकारमा जाँदा फोरमलाई सत्ता केन्द्रित भएको आरोप लाग्नु अतिश्योक्ति हुँदैन। निश्चय नै मधेसमा अब आन्दोलनको आवश्यत्ता छैन। संघीयताको कार्यान्वयनमा नयाँ नयाँ चुनौतीहरू थपिएका छन्। अबको प्राथमिकता भनेको ति चुनौतीहरूलाई सही ढंगले व्यवस्थापन गर्नु हो। तर राजनीतिमा आफ्नो अस्तित्वलाई जीवित राख्नका लागि केही मुद्दाहरूलाई जीवितै राख्नुपर्ने हुन्छ। अबका मधेस मुद्दाले राजनीतिमा मधेशी दललाई चिनाउने सिवाय जनताको जनजीवनमा कुनै उल्लेख्य प्रभाव पार्न सक्दैन। तर फोरमलाई टपक्क टिपेर सरकारमा ल्याउने र मुद्दा मिल्ने अर्को पार्टी राजपालाई केन्द्र र प्रदेशकै सरकारभन्दा बाहिर राख्ने राजनीतिक खेल मधेशका राजनीतिक मुद्दालाई तह लगाउने अर्थमा बुझ्न सकिन्छ। फोरम सहमत भएको संशोधनका बुँदाहरूमा राजपा सहमत हुन नसक्ने स्थिति आयो भने निश्चय नै राजनीतिमा नयाँ तरंग देखिन सक्छ।

## स्मृतिपटलमा...

सत्ता हत्याएपछि भारतका तत्कालीन राजदूतले दूतावासको कार्यक्रममा राजाको आरती नै उतारे। हिन्दूहरूको सबैभन्दा लामो पूजाआजा त शक्ति पीठहरू मै हुन्छ। शक्तिका अगाडी सँगै जेलमा रहेका श्रीभद्र शर्मा, रूद्र प्रसाद गिरीहरू टिक्न सकेनन्। म स्वयं यही आस्थाको परिवेश र व्यवहारमा बाँचेको मानिस के अर्थमा अलग छु र ?'

किसुनजीमा जीवनका तत्व वोधहरूले ठाउँ ओगट्दै गएको थियो। हामी सब मौन रहेर, किसुनजीका कुराहरू गमिरहेको देखाएर मौन दार्शनिक भई सकेका थियौं। अर्थशास्त्रीका बारेमा भनिन्छ-चार जना घाघरान अर्थशास्त्रीकाबीच बसेका पाँचौं अज्ञानी त्यतिञ्जेल मात्र अर्थशास्त्री हुन्छ, जबसम्म त्यो अर्थशास्त्रका बारेमा बोल्दैनन्। किसुनजीका सामुन्ने हामी त्यस्तै भएका थियौं। म त निश्चय नै।

तर, ससाना कुरामा रिसाउने, असन्तुष्ट भइरहने, हर बखत आफू मै पुरूषार्थ देख्ने हामी जस्ताका लागि भने यो गहुङ्गो सवाल थियो कि कुन प्रेरणाले किसुनजी यत्रो लामो समयसम्म अविचलित रूपमा, अडिग भई जेलमा बस्न सक्नु भयो !

उहाँ भन्दै हुनुहुन्थ्यो-नोनाजी, राममणि आचार्य दीक्षित जस्ता त्यस बेलाका प्रशासकहरू आउँथे, सादा कागज छोडेर जान्थे। किसुनजी मनमा जे आउँछ, चार लाईन लेखेर दिनोस्। जेलबाट रिहा हुनोस् र गर्नुस राजनीति भन्थे। धेरैले यसो गरेका पनि थिए। कतिपय पटक आफू गलेको र भोली बिहानै छुट्ने बाटोमा बढने प्रबल ईच्छा बन्ने गरेको निश्चयी भएर राती सुत्ने गरेको सुनाउनु भयो। तर, बिहान विषम् अवस्थामा प्रति दिन बिताउने गरेका साथी भाईहरूको प्रतिबद्धताबाट आफूले ती कुराहरूलाई बिर्सने गरेको सुनाउनु भयो।

'धेरैले प्रारब्धलाई मानिसको बाह्य देखिने उपलब्धि ठानेका हुन्छन्। होईन, प्रारब्ध भनेको आन्तरिक दृढता हो। अध्ययनको आर्जनबाट मानिसको मनमा प्रारब्धको निर्माण हुन्छ। यहि प्रारब्धले बाह्य परिणाम दिन्छ। प्रतिकूलतासँग लडने क्षमता दिन्छ। यही क्षमता मैले जेलमा आर्जन गरे र म यत्रो लामो समयसम्म टिक्न सके..!' किसुनजी कम से कम मलाई त यन्त्रवत् श्रोता बनाउनु भएको थियो त्यस दिनको राती। ह्वीस्की फिका भएको थियो। जीवनमा अमिट रंगहरू थपिएको थियो। मध्य रात्रीसम्म सम्झेर ती कुराहरू लेखि बसें।

उहाँले नोना आमा तिर उन्मुख हुँदै भन्नु भयो-नोनाजी यही त्यो कुरा हो, जो तपाईको कूल पुरोहितलाई देशको प्रधानमन्त्री बनायो। मैले राम्ररी ठम्याएको थिए, नोना आमाको अनुहार किसुनजीको प्रारब्धमा त्यस दिन गौरवान्वित देखिएको थियो।

म आज सम्झिन्छु, थोरै समयमा सबकुछ कसरी फेरियो। नियतिले हामीलाई कहाँकहाँ पुऱ्याए। काँग्रेस जो यौटा समभाव, सद्भाव तथा सहकार्यको कूल थियो, एक आपसमा, एकअर्काका लागि घोर प्रतिकूल भयो। हामी मध्ये धेरै जो जीवन भर किसुनजीका प्रति अभिभूत रहेका थियौं। उहाँ चुनाव हार्नोस् चाह्यौं। धेरथोर लाग्यौ पनि। म पनि लागें।

किसुनजी, तपाई प्रति सानोतिनो अपराध गरे पनि, तपाईंले आफ्नै जीवनकालमा ती कुराहरूलाई विस्मृतिमा थन्काए पनि, सोच्दछु ती दुर्दिनहरूबाट हामी नगुज्रिएको भए कति राम्रो हुन्थ्यो। क्षमा गर्नुपर्ने हदसम्म क्षमा गर्नु होला ! तपाईको ९३ औं जन्म जयन्तिका मौकामा म ऋणीको भवपूर्ण श्रद्धा सुमन अर्पित छ।

# संविधान संशोधनका लागि कांग्रेसले दबाब दिन्छ

**मधेशी जनताको एजेन्डा, मधेशी दललगायतले उठाएको मुद्दालाई त्यतिबेलाका खड्गप्रसाद ओलीको पार्टी एमालेले राष्ट्रघाती भन्नेदेखि लिएर देशको हित विपरीत भनेर उताउलो कुरा गरेका थिए। अहिले पनि मधेशको मुद्दा सम्बोधन गर्नुको साटो दोहोरो चरित्र देखाउँदैछ। मधेशप्रति यस्तो व्यवहारले गर्दा अब कांग्रेसले मधेशको मुद्दा उठाउनुपर्ने छ। यी सबै कुराहरूलाई सूक्ष्म तरिकाले अध्ययन गरेर हामी आफ्नो कार्यहरू अगाडि बढाउँछौं।**



**डा.नारायण खड्का**
**कांग्रेस केन्द्रीय सदस्य**

**० नेपाली कांग्रेसको महासमिति बैठकको मुख्य उपलब्धीहरू के-के रह्यो ?**

– मुख्यतः विधान प्रमुख एजेन्डा थियो। पहिला हाम्रो विधान पुरानो संरचनाअनुसार थियो। नेपाली संघीय संरचनामा गइसकेपछि विधानलाई सो अनुकूल बनाउने लगायत समसामयिक विषयहरूमा, परिवर्तनका कुराहरूलाई समयानुकूल परिमार्जन भएको छ। यी कुराहरू नै उपलब्धी हो। यसैगरी, देशका विभिन्न कुनाकाप्चाबाट आएका साथीहरूले आआफ्ना विचार राख्नुभयो, भेटघाट भयो। उहाँहरू नयाँ विचार र ऊर्जा लिएर फर्किनुभयो। यसबाट पार्टी अझ बढी संगठित र एकताबद्ध भएर अगाडि बढ्छ।

**० त्यसो भए कांग्रेसले आफूलाई संघीय संरचनामा लग्यो ?**

– संघीय संरचना मात्र नभई समयानुकूल परिमार्जन भएको हो। पूर्णतया संविधानको भावना र मर्मअनुसार पूर्ण समावेशी बनाएर लाने संरचना निर्माण गऱ्यौं। त्यो पनि उपलब्धी नै हो।

**० कांग्रेसमा अहिले आरक्षणको किन आवश्यक्ता पऱ्यो त ?**

– लोकतान्त्रिक विधिबाट सहभागितापूर्ण तरिकाबाट केही साथीहरू नेतृत्वमा आउँदा जिम्मेवारी बहन गर्न सजिलो हुन्छ। जवाफदेहिता पनि बढी हुने अनि सभापतिमाथि मात्रै भएको बढी भारलाई बाँडफाँट हुने तर्क पनि आयो। आरक्षणको खासै आवश्यक्ता त थिएन। विधान सबैको सहमतिको दस्तावेज भएको हुनाले विभिन्न विचारहरूलाई समेटेर हिंड्नुपर्ने भएकोले पनि पदाधिकारीहरूको जनसंख्या थपियो।

**० भनेपछि विगतभन्दा बढी समावेशी बनाउनका लागि आरक्षणको व्यवस्था गरिएको हो त ?**

– नेपाली कांग्रेस समावेशी नभएको होइन। महासमिति, केन्द्रीय कार्य समिति, केन्द्रीय पदाधिकारी पनि त समावेशी नै थियो। गाउँस्तरदेखि माथि केन्द्रसम्मको समितिहरू सबै समावेशी नै थिए। तर, अहिले पदाधिकारी पनि समावेशी भयो।

**० महासमिति बैठक लम्बिनु पर्ने कारण थियो ?**

– विधानमा सहमति हुन सकिरहेको थिएन, विभिन्न कुराहरू थप्नुपर्ने थियो। नयाँ कोणबाट नयाँ-नयाँ विचारहरू आए। विधान मस्यौदाका साथीहरूलाई पनि अलि दबाब पऱ्यो, ती सबै दबाब सुन्नुपर्ने, कार्य समितिमा पनि सहमतिबाट लानुपर्ने भएकोले कार्यसमितिका साथीहरूको पनि मञ्जुरी चाहियो। त्यसकारणले सबैको विचार समेट्न अलि बढी समय लाग्यो।

**० यो महासमितिले आन्तरिक विवादहरू समाधान भयो त ?**

– कुनै पनि लोकतान्त्रिक दलहरूमा विभिन्न गुट/उपगुट वा विचारहरू आउनु स्वाभाविक हो। यसलाई विवादको रूपमा नलिई लोकतान्त्रिक प्रक्रियाको रूपमा लिनुपर्छ। यो लोकतन्त्रको सुन्दर अभ्यास पनि हो। लोकतान्त्रिक दलमा गुटहरू त बनिरहन्छ नै। तर, सबैले महसुस गरेका छन् कि आन्तरिक विवादमा नफसिकन देश र जनताको हितलाई बढी प्राथमिकता दिनुपर्छ।

**० भनेपछि, कांग्रेसभित्रको गुटबन्दी अझै समाप्त भएन ?**

– कांग्रेसभित्रको गुट त कहिल्यै पनि समाप्त हुँदैन। तर, पहिला जुन किसिमको गुटबन्दी थियो त्यसमा कमी आएको छ। हुन त नेपालका सबै पार्टीमा गुट/उपगुटहरू छन्। सत्ताधारी नेकपा, मधेशकेन्द्रित राजपा, राप्रपा लगायत सबै दलहरूमा गुटबन्दी छ। यो त भइ नै रहन्छ तर, व्यवस्थापन गर्न चुनौती छन्। यसभन्दा अगाडि अलि बढी थियो तर महासमिति बैठकपछि पार्टीभित्र जुन विभाजनको रेखा देखिएको थियो त्यो कम भएको हो।

**० यो महासमिति बैठकले आम कार्यकर्तामा कस्तो उत्साह थपेको छ त ?**

– उत्साह त थपेकै हो। किनभने कांग्रेसको विधान संघीय संरचनाअनुरूप आयो। विभिन्न विचारहरू पनि सुन्न पाए साथीहरूले। विगतमा कार्यकर्ता साथीहरू माझ छलफल हुन सकिएको थिएन। यो बैठकमा भाषण मात्र नभएर भेटघाट, जमघट र आत्मीयता महसुस गर्न पाए।

**० महासमितिमा हिन्दू धर्मको विषयमा कुरा आएको थियो, यसमा के निष्कर्ष निस्क्यो त ?**

– महासमितिमा उठेकोभन्दा पनि केही साथीहरूले उठाएका थिए। कार्यसमितिले एजेन्डाको रूपमा प्रस्तुत गरेको होइन। छलफल गर्ने क्रममा विभिन्न विचारहरू त आइहाल्छ नि। तर, महासमिति बैठकमा कार्यसमितिबाट एजेन्डाको रूपमा आएको विषयमा मात्रै छलफल हुन्छ। फ्लोरबाट आएका विषयहरूमा बहुमतको संख्या पुग्यो भने एजेन्डा बन्न सक्छ। त्यसैले त्यो एउटा विचारको रूपमा मात्र आए र एजेन्डाको रूपमा प्रस्तुत हुन सकेन।

**० महासमितिमा हिन्दू धर्मको विषयमा कुराहरू आउनुलाई कांग्रेसको धारणा के हुनेछ ?**

– अब यो विषय कसरी बढ्दै जान्छ, जनताको चाहना के हुनेछ, यसले गर्दा अब नयाँ अध्याय सुरू हुन्छ कि, नयाँ बाटोमा जनतालाई आकर्षित गर्छ कि लगायतका कुराहरूमा फेरि माहौल बन्दै जान्छ भने विचार गर्न सकिन्छ। अस्ती भर्खरै सरकारले एसिया प्यासिफिक सम्मेलन गऱ्यो, प्रधानमन्त्री ओलीले क्रिष्चियन धर्मको प्रचार गरे। कुनै एउटा धर्मको मात्र मान्यता हुँदैन भन्ने नै धर्मनिरपेक्षता हो। प्रधानमन्त्री आफै त्यसमा संलग्न हुनुको अर्थ सरकार आफैले धर्मनिरपेक्षतालाई मानेन। त्यसले गर्दा यसको विरूद्धमा पनि जनता गइरहेको देखिन्छ। अब यसलाई जनताले कसरी लिन्छन्, त्यो बाटोहरू बन्दै गयो भने हिन्दू धर्मको विषयमा छलफल हुनसक्छ।

**० महासमितिमा महाधिवेशनको पनि कुरा उठेको हो, यसमा के छ धारणा ?**

– महाधिवेशनको सन्दर्भमा हाम्रो अझै पूरा एक वर्ष बाँकी छ। एक वर्षभित्र वातावरण बन्यो भने हुन पनि सक्छ। नभए अर्को वर्षको अन्तिममा महाधिवेशन हुन्छ।

**० महासमिति बैठकपश्चात् कांग्रेस कसरी अगाडि बढ्छ त ?**

– विधानपछि नियमावली बनाउनुपर्छ। नियमावली बनाएर प्रष्ट्याउनुपर्ने कुराहरू प्रष्ट्याएर विधान लागू गर्नका लागि विस्तारै संघीय संरचनाअनुसार अगाडि बढ्छ। त्यस्तै, सरकारको जसरी रवैया छ, त्यसको विरूद्धमा पनि आन्दोलन गर्न सक्छ। त्यसको पनि तयारी गर्ने, विधानलाई लागू गर्दै महाधिवेशनको तयारी गर्छ। अब हाम्रो १४औं महाधिवेशन हुन्छ, त्यसले नयाँ नेतृत्व चयन गर्छ।

**० सरकारको कामकारबाहीलाई कसरी हेर्दैछ कांग्रेस ?**

– सरकारको कामकारबाहीबाट जनता निराश छन्, कम्युनिष्टले ठूलठूला सपना देखाएर मत लिन सफल भए। सिधासाधा जनतालाई कम्युनिष्टहरूले ठग्ने काम मात्र गरेका छन्। जनतालाई ठग्नु भनेको अपराध हो। सरकारले ठूल्ठूला कुरा मात्रै गर्छन् तर उपलब्धी केही देखिएको छैन। हत्या, बलात्कारका घटनाहरू देशमा दिनप्रति त्यतिकै बढेका छन्। कम्युनिष्ट शासनको बाटोमा यो सरकार अगाडि बढ्दैछ। यसलाई हामीले जनतामाझ नंग्याउनुपर्ने छ। त्यसैगरी, मधेशका मुद्दामा पनि यो सरकार अहिलेसम्म अलमलमै छ। मधेशी दलहरूलाई आशा मात्र देखाएको छ। नेपाली कांग्रेसको सरकार हुँदा मधेशको समस्या सम्बोधनका लागि संशोधन विधेयक ल्याएको थियो तर त्यहीं पूर्वएमालेको कारण विफल भयो। *मधेशी जनताको एजेन्डा, मधेशी दललगायतले उठाएको मुद्दालाई त्यतिबेलाका खड्गप्रसाद ओलीको पार्टी एमालेले राष्ट्रघाती भन्नेदेखि लिएर देशको हित विपरीत भनेर उताउलो कुरा गरेका थिए। अहिले पनि मधेशको मुद्दा सम्बोधन गर्नुको साटो दोहोरो चरित्र देखाउँदैछ। मधेशप्रति यस्तो व्यवहारले गर्दा अब कांग्रेसले मधेशको मुद्दा उठाउनुपर्ने छ। यी सबै कुराहरूलाई सूक्ष्म तरिकाले अध्ययन गरेर हामी आफ्नो कार्यहरू अगाडि बढाउँछौं।*

**० तर, महासमितिमा संविधान संशोधनको मुद्दाले प्राथमिकता पाएन नि ?**

– हामीले त विगतमा संशोधनको प्रस्तावै ल्याएका थियौं। तर, तत्कालीन एमालेको कारण पारित हुनसकेन। अहिले हामी सरकारमा छैनौं, हामीले बाहिरबाट दबाब दिइरहेकै छौं। अब हामीले सडक र सदनबाट मुद्दा उठाउँछौं।

**० विगतमा पनि संघीय संसदको बैठकहरूमा संशोधनबारे कांग्रेसले दबाब दिएको पाइएन नि ?**

– विगतको अधिवेशनमा हामीले संशोधनको मुद्दा नउठाएको होइन, तर मिडियाले त्यो कुरालाई प्राथमिकता दिएन। हामीले नै हो संशोधनको मुद्दा हाउसमा ल्याएको। मधेशी दलहरू निर्वाचनमा भाग लिने अवस्था थिएन, तर कांग्रेसले नै वातावरण बनायो। त्यसैले हामी पटक-पटक मधेशको मुद्दा सम्बोधनका लागि प्रयास गरकै हो। हामीले अहिले सत्तामा छैनौं तापनि संशोधनका लागि यो सरकारलाई दबाब दिन्छौं।

# मधेशको माग पूरा गर्नु ओलीका लागि अवसर हो



**सन्तोष मेहता**
**प्रवक्ता, राष्ट्रिय जनता पार्टी नेपाल**

**स्मरण रहोस् के पी ओली दुई तिहाई सरकारको प्रधानमन्त्री हुनुहुन्छ, आशा गरौं अब यतिका शक्तिशाली व्यक्ति भद्दा मजाक गर्नु हुन्न। सायद जीवनको अन्तिम समयमा जोडी खोज्नुहुन्नहोला। सांसद रेशम चौधरीको रिहाई एवं आन्दोलनकारी उपर लगाइएका मुद्दा फिर्ता लगायत मधेशले तीनवटा राजनीतिक एजेन्डाहरू पूरा गराउने अपेक्षा राखेको छ।**

**० संयोजक राजेन्द्र महतोको अध्यक्षतामा पहिलो बैठक सम्पन्न भयो, तर त्यसमा महाधिवेशन तयारी बाहेक अन्य कुनै मुद्दाबारे कुनै निर्णय आएन नि ?**

– पार्टी एकता भए पछिको महत्वपूर्ण कार्य भनेकै एकताको महाधिवेशन सम्पन्न गर्नुपर्ने हो। त्यसकारण महाधिवेशन सम्बन्धि निर्णय हुनु नै महात्वपूर्ण निर्णय हो। पार्टी एकता पश्चात हाम्रो माथि आन्दोलन गर्ने र निर्वाचनमा सहभागी हुने महत्वपूर्ण कार्यभार थियो ति सबै सम्पन्न भएका छन्। अबको महत्वपूर्ण कार्य भनेकै महाधिवेशनको दृष्टिकोणले संगठन र कार्यक्रमको आयोजन गर्नु हो जुन हामीले निर्णय गरेका छौं। जसअनुरूप माघ १५ गतेसम्म साधारण र सक्रिय सदस्यता वितरणको निम्ति निर्धारित गरिएको छ, त्यसैगरी पौष १८ गतेसम्म जिल्लास्तरीय बैठक र पौष २५ गते प्रत्येक वडास्तरीय बैठक गरी सदस्यता वितरण लगायतका निर्णयहरू गर्न निर्देशन गरिएको छ। यसको अर्थ संगठन नभएका वडाहरूमा वडास्तरीय तदर्थ समितिहरू पनि बनाउने हो। यदि तपाइँको आशय राष्ट्रका वा मधेशका अन्य समसामयिक मुद्दाहरूको विषयमा हो भने त्यस्ता विषयहरू उपर पनि छलफल भएका छन्। संसद अधिवेशनमा पनि संयोजकले त्यस्ता थुप्रै विषयहरू उपर आफ्ना धारणाहरू सार्वजनिक गरिसक्नुभएको छ। उक्त विषयहरू एवं मुद्दाहरू पनि राजपाको हालको ताजा मुद्दाहरू हुन्।

**० महतो संयोजक भएदेखि राजपा अध्यक्षमण्डल बीचको मनमुटाव झनै बढेको हो ? अनिल झाले किन बैठक बहिष्कार गर्नुभयो ?**

– मनमुटाब बढेको जस्तो मिडियामा मात्रै बढी देखिन्छ। जब ६ जना अध्यक्षमण्डलको समितिमा तत्कालीन संयोजक श्रदेय महन्थ ठाकुर समेत ५ जना मिलेर संयोजक परिवर्तन गर्ने निर्णय गरेपछि कसरी मनमुटाब बढेको भन्ने बरू अझ एकाकार भएको बुझ्नु पर्दछ। हुन त पार्टी सिस्टममा छलफल हुनु, बहुमत अल्पमत हुनु, सन्तुष्ट असन्तुष्ट हुनु, पक्ष बिपक्ष हुनु निरन्तर चलिरहने प्रक्रिया हो। आफ्ना कुराहरू बहुमत वा सर्वसम्मत नहुन्जेलसम्म निरन्तर लागू गराउने प्रयास गरिरहनु र नेतृत्वले सर्वसम्मति वा बहुमतले गरेको निर्णय सबैले लागू गर्नु गराउनु नै पार्टी भित्रको लोकतन्त्र र पार्टी सिस्टम पनि हो। त्यसो हुन नसके अराजकता निम्तिन्छ। जहाँसम्म अध्यक्षमण्डलका सदस्य अनिल झा बैठक बहिस्कार गरेको तपाइँको प्रश्न छ, त्यस्तो आधिकारिक रूपमा मैले थाहा पाउन सकेको छैन। उहाँले विज्ञप्ति पनि निकाल्नु भएको छैन र कहिँकतै आधिकारिक रूपमा बहिस्कार गरेको मलाई वा पार्टीलाई जानकारी छैन। त्यसकारण उहाँले बहिस्कार गरेको भन्न मिल्दैन र बहिस्कार गर्ने कुनै त्यस्तो कारण पनि छैन। हो, उहाँ अनुपस्थित हुनुभएको सत्य हो तर के कति कारण अनुपस्थित हुनु भएको हो त्यसको सत्यतथ्य त उहाँले नै बताउन सक्नुहुन्छ।

**० अध्यक्षमण्डलका नेताहरू बीचको मनमुटावको मुख्य कारण के हुनसक्छ ?**

– मनै त हो, एउटै व्यक्तिको मन त छिन/छिनमा परिवर्तन हुन्छ। हामी कहाँ अध्यक्षमण्डलमा ६-६ जना छुट्टाछुट्टै पार्टीको पावरफुल नेतृत्व गरेर आउनु भएका नेताहरू अध्यक्ष मण्डलमा हुनुहुन्छ। त्यसकारण अलि अलि समस्या भएको हो। राजपा नेतृत्वसँग केवल दुइटा मात्र विकल्प छ। एउटा, सबै सँगै मिलि पार्टी बनाउने अर्को सबै सँगै समाप्त हुने। अरू बाटा र विकल्प छैन। हामीले दुई टाउके चराको कथा सुनेका थियौं। जहाँ एउटा टाउकोले अर्को टाउकोसँग इर्ष्या गर्दा त्यो चराले ज्यान गुमाउनु परेको थियो। राजपा पनि त्यो चरा जस्तै ६ टाउके हो। त्यसैले सबै अध्यक्षमण्डलका सदस्यहरूबीच अझ मजबुत एकरूपताको आवश्यकता छ। एकअर्कासंग इर्ष्या गरे हविगत नराम्रो हुन् सक्छ।

**० प्रधानमन्त्रीले एक साता समय माग गर्नुभएको छ, यसलाई कसरी लिनुभएको छ ?**

– के पी ओली प्रधानमन्त्री भएपछि हामीसँग दस पटकसम्म भेटघाट गरेको छ र सधैं माग पूरा गर्ने आश्वाशन दिनु हुन्छ। त्यसैको निरन्तरता स्वरूप पुनः एकपटक भेटघाट भएको हो। सधैं उहाँले माग पूरा गर्ने कुरा गर्नुहुन्छ, हामी सधैं उहाँको कुरालाई सकारात्मक लिने गरेकाछौं। मधेशको माग पूरा गर्नु उहाँका लागि अवसर पनि हो, हाम्रो देश एकीकृत रहिरहन र वास्तविक शान्तिको निम्ति मधेशको माग पुरा गर्नु यो देश र शासक दुबैको लागि अवसर हो। उहाँले दिनुभएको एक साताको बचनप्रति उहाँ कतिको प्रतिबद्ध हुनुहुँदो रहेछ चाँडै थाहा हुनेछ। स्मरण रहोस् के पी ओली २ तिहाई सरकारको प्रधानमन्त्री हुनुहुन्छ, आशा गरौं अब यतिका शक्तिशाली व्यक्ति भद्दा मजाक गर्नु हुन्न। सायद जीवनको अन्तिम समयमा जोडी खोज्नुहुन्नहोला। सांसद रेशम चौधरीको रिहाई एवं आन्दोलनकारी उपर लगाइएका मुद्दा फिर्ता लगायत मधेशले तीनवटा राजनीतिक एजेन्डाहरू पूरा गराउने अपेक्षा राखेको छ। पहिलो, मधेशी समुदायको पहिचानको संवैधानिक ग्यारेन्टी र मधेशी पहिचानको स्वायत्त प्रदेश। दोस्रो, जनसंख्याको आधारमा राजनीतिक प्रतिनिधित्व। तेस्रो राज्यका महत्वपूर्ण निकायमा अर्थपूर्ण समावेशी। राज्यका महत्वपूर्ण निकाय भनेको नीति-निर्माण तहको प्रशासन संयन्त्र, न्यायालय र सुरक्षा निकाय/सेना र मधेशी पहिचानसहितका संघीयता अर्थात् मधेशका जिल्लाहरू मात्रका दुई प्रदेश मधेशीको अपरिवर्तनीय एजेन्डा बन्न पुगेको छ। के ओली सरकार मधेशको यस्ता माग सुन्न र पुरा गर्न तयार छ ? छैन भने हाम्रो देशको समृद्धि र शान्ति सम्भव पनि हुन्न।

**० यो एक सातापछि राजपाको रणनीति के हुनेछ ? समर्थन फिर्ता लिन्छ ?**

– के समर्थन फिर्ता गरेर सबै माग पूरा हुन्छ त। कसैले ग्यारेन्टी गर्न सक्छ। हाम्रो समर्थन संविधान संशोधनको निम्ति हो सरकारको नीति कार्यक्रम प्रति होइन। एक सातापछि सरकारले केही नगरे हामी पुनः दबाब सिर्जना गर्ने छौं। सायद यसपछि सरकारलाई नैतिक दबाब पनि पर्नेछ। अहिलेको समयमा मेरो विचारमा लबिङ्ग र सरकारमाथिको दबाब नै महत्वपूर्ण पक्ष हो। समय आएपछि सदन र संघर्ष दुवै मोर्चाबाट सरकारमाथि राजपाले दरिलो प्रहार गर्नेछ। जनता जनार्दन हुन् जनताले चाहे जस्तो अवस्था पनि आउन सक्छ, राजपा जनताको वास्तविक प्रतिनिधि हो।

**० राजपा नेपाल अहिले के गर्दैछ ?**

– राजपा आज पनि आन्दोलनमा नै रहेको छ। हामीले निर्वाचनहरूलाई आन्दोलनकै रूपमा लिएका थियौं। आन्दोलन भनेको केवल सडकमा टायर बाल्ने, नाराबाजी गर्ने, ढुंगामुढा गर्ने मात्रै होइन। हामी शान्तिपूर्ण आन्दोलन गर्दै सरकार समक्ष हाम्रा मागहरू राखेका छौं।

**० तपाइँहरूको मागप्रति सरकार कतिको गम्भीर छ ?**

– सरकारको रवैयाप्राति हामी सन्तुष्ट छैनौं। हाम्रा जे अपेक्षाहरू छन् त्यो पूरा भइरहेको अवस्था छैन। सरकारबाट मधेशका अधिकारहरू सुनिश्चि भएनन् भने मधेशमा उठिरहेको अलगाववादी आवाजहरूलाई बल पुग्नेछ। मधेशका मुद्दाहरू सम्बोधन नभए 'मधेश बेग्लै देश' को मुद्दाहरू पनि उठिरहेको छ। यस्ता अलगाववादीहरूलाई निरूत्साहित पार्न मधेशको मुद्दाहरू सम्बोधन गर्नुको विकल्प छैन। यदि मधेशका मुद्दालाई यस्तै बेवास्ता गर्दै जाने हो भने देश विखण्डन तर्फ जान्छ। हामी यही देशभित्र रहेर आफ्ना मागहरू सम्बोधन गराउन चाहन्छौं। हामी कुनै पनि हालतमा विखण्डन चाहेका छैनौं। तर, जसरी हाम्रा मागहरूलाई बेवास्ता गरिँदै छ त्यसले अलगाववादीलाई नै बल पुऱ्याइरहेको छ।

**० सरकारबाट समर्थन फिर्ता लिने विषयमा राजपाभित्र दुई मत देखिन्छ नि ?**

– कुनै दुईमत छैन। हामी आफ्नो मागहरूमा अडिग छौं। हामीले यो सरकारलाई सरकार चलाउन वा गिराउन समर्थन गरेका होइनौं। हामीले संविधान संशोधनका लागि दुई तिहाई पुऱ्याउन प्रधानमन्त्री आफ्ना समर्थन दिएका थियौं। हामी संसदमा विपक्षीको कुर्सीमा बसे तापनि संविधान संशोधन गर्न दुई तिहाई मत पुऱ्याउन सरकाको समर्थन गरेका हौं तर सरकार चलाउन, बनाउन गरेका होईनौं। त्यसैले दुबै पक्षको मतमा सत्यता रहेको छ। हामी समर्थन फिर्ता लिन्छौ तर यसको अर्थ सरकार गिराउनु, ढाल्नु भने होइन।

**० संयोजक परिवर्तन पछि राजपाभित्रको उथलपुथल के को लागि ?**

– यसलाई सामान्य रूपमा नै लिनुपर्ने हुन्छ। लामो समय पश्चात संयोजक परिर्वतन हँदा केहि सहमति विमति हुनु सामान्य कुरा नै हो। संयोजक परिवर्तन गर्ने विधानमा नै उल्लेख छ। तर, यसप्रति केही असन्तुष्टिहरू देखा पर्नु यो लाकतान्त्रिक प्रक्रिया हो। लोकतान्त्रिक पार्टीमा सबैले आआफ्ना फरक मतहरू राख्न पाउँछन्।

**० के अबको एक महिनामा पुनः संयोजक परिर्वतन होला त ?**

– यसमा कुनै निर्णय अहिले नै दिन सकिदैन। पहिलाकै जस्तो लम्बिन पनि सक्छ र परीवर्तन हुन पनि सक्छ। संयोजकका लागि यस पछि कसको पालो हो उहाँले यदि इच्छा जाहेर गर्नुभयो भने राजेन्द्र महतोले छोड्नुपर्छ। होइन भने उहाँलाई नै महाधिशनसम्म संयोजक दिन सकिन्छ। यदि कुनै परिस्थिति विशेष हाम्रो कुनै कार्यक्रमहरू सार्वजनिक भयो भने संयोजक परिवर्तन गर्ने अवस्था आउँदैन। केही समय थपेर उहाँकै कार्यलाई निरन्तरता दिन पनि सकिन्छ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# संघीय वनमन्त्रीलाई प्रदेश २ का वन राज्यमन्त्रीको ज्ञापन

मानननीय मन्त्रीज्यू,
वन तथा वातावरण मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।
विषय : ध्यानाकर्षण गराएको बारे ।

प्रस्तुत बिषयमा प्रदेश न.२ मा नेपालको सबभन्दा कम वन क्षेत्र २,१९,७८० हे. (४.३६%) रहेको जसमध्ये चुरे वन क्षेत्र ११५९०६ हे. (५२.७%), समथर वा क्षेत्र १०३८७४ हे (४७.३%) रहेको छ । समथर वन क्षेत्र मध्ये करीव १३,००० हे. सागरनाथ वन विकास परियोजना भित्र राखी २०३५ सालदेखि दाउराको प्रयोग सुर्ती पोल्नेमा गर्ने गरी शुरूवात भएको आज काठ, पोल, दाउरा आदीको आवश्यकता पूरा गर्नुको साथै सो क्षेत्र पर्यापर्यटन तथा अध्ययन केन्द्रको रूपमा विकसित भई रहेको छ ।



*वन तथा वातावरणमन्त्री शक्ति बस्नेतलाई ज्ञापनपत्र बुझाउँदै प्रदेश २ का उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री सुरेश कुमार मण्डल ।*

नेपाल अधिराज्य संविधान २०७२ को भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत धारा ५१ (छ) जस अनुसार "प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीति", "राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मासात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सवर्धन र वातावरण अनुकुल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने" भन्ने उल्लेख गरिएको छ ।

संविधानको अनुसूची ६ अनुसार प्रदेशको अधिकार सूचीमा, प्रदेश भित्रको राष्ट्रिय वन, जल उपयोग, तथा वातावरण व्यवस्थापनमा प्रदेशको अधिकार हुने छ भन्ने उल्लेख छ ।

अब संविधान, ऐन, कानुनमा तराई मधेशको परम्परागत उपभोक्ताको अधिकार सुनिश्चित हुने गरि "प्राकृतिक स्रोत, साधनको संरक्षण, संवर्धन र वातावरण अनुकुल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदाय तथा परम्परागत उपभोक्तालाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने" प्रावधान राख्न तपसील बमोजिम ध्यानाकर्षण गराउँदछु ।

० प्रदेश भित्रको राष्ट्रिय वन प्रदेशको अधिकार सूचीमा रहेकोले सागरनाथ वन विकास परियोजना पनि राष्ट्रिय वन भित्रको एउटा व्यवस्थापन प्रणली रहेको हुँदा सो परियोजनाको संरक्षण, व्यवस्थापन तथा सदुपयोग अनिवार्य रूपमा प्रदेश-२ को एकल अधिकार क्षेत्र भित्र हुनु पर्दछ ।

० राष्ट्रपति चुरे तराई मधेश विकास समितिलाई प्रदेश स्तरीय उपसमिति समेत गठन गरी व्यावस्थापन गर्दा निम्नवमोजिमको व्यवस्थापन गर्न सहज हुने देखिन्छ ।

० चुरे क्षेत्रमा रहेको चकला वनलाई साझेदारी वनको रूपमा माथिल्लो-तल्लो तटीय अन्तर सम्बन्धको आधारमा संरक्षणमुखी वन संरक्षण र व्यवस्थापन गर्नु पर्ने र यसबाट खोलाको माथिल्लो तटीय क्षेत्रको पनि श्रोत संरक्षण हुने ।

० नदी प्रणाली, सामुदायिक वा तथा साझेदारी वनलाई प्रदेश सरकार अन्तर्गत राखी स्थानीय तहसँगको समन्वयमा कार्यक्रम संचालन गर्नु पर्दछ ।

० तल्लो तटमा रहेको समुदायमा माथिल्लो तटीय श्रोत व्यवस्थापनबाट नै तल्लो तटीय समुदायको बाढी, नदी कटानको सवाल सम्बन्धी समस्या समाधान हुन सक्ने भएकोले श्रोतको समन्यायिक बाँडफाँड हुनु पर्दछ ।

० भावर क्षेत्रमा रहेको समुदायमा आधारित वन क्षेत्रमा पानी संरक्षण पोखरी निर्माण तथा पानी मुहान संरक्षणको कार्यक्रम संचालन गर्नु पर्दछ ।

० भावर क्षेत्रको साझेदारी वनको खोलाहरूमा Sub-Surface Level Water Harvesting को कार्यक्रम संचालन गरी फाइदा लिन सक्नु पर्दछ ।

० समुदायमा आधारित वन भित्र चुरे संरक्षण कार्यक्रम तथा आफ्नै सहयोगमा नदी प्रणली तथा पोखरीहरूको निर्माण गरी पानीको श्रोत संरक्षण ।

० प्रदेश सरकार मार्फत स्थानीय सरकारले नर्सरी निर्माण, विरूवा उत्पादन, सार्वजनिक जग्गामा वन विकास, र निजि वन प्रवर्धनका कार्यमा समूलाई सहभागी गराई सहकार्य गर्न सक्दछ ।

० केन्द्र, प्रदेश तथा स्थानिय तहमा वन पैदावरमा आधारित उद्योगहरू (ठुला, मझौला र घरेलु तथा साना उद्योग) को स्थापना गर्ने ।

० वैज्ञानिक वन व्यवस्थापनलाई काट्ने कुरामा मात्रै सिमीत नराखी पर्यापर्यटन तथा अतिक्रमण व्यवस्थापनलाई समेत उत्तिकै महत्व दिएर व्यवस्थापन गर्नुपर्ने । खाली पर्ती अतिक्रमित र हैसियत बिग्रिएको क्षेत्रलाई पनि वन कार्ययोजनामा समावेश गरी वेज्ञानिक वन व्यवस्थापनको कर्यक्रमबाट सम्बोधन हुनु पर्ने ।

यी सबै कुराहरू प्रदेश सरकारले मात्र गर्न सकिने भएकोले संविधानले प्रदत्त गरेको प्रदेशभित्रको राष्ट्रिय वन प्रदेश सरकारको अधिकार भित्र पर्ने भएकोले कसैले कतैबाट हस्तक्षेप नगरी सागरनाथ वन विकास परियोजना लगायतका वन हाम्रो प्रदेश-२ भित्र राखी संरक्षण व्यवस्थापन गर्नु, सुरक्षित वन (रा. निकुञ्ज, आरक्ष) को व्यवस्थापन तथा पर्यापर्यटनमा प्रदेशलाई साझेदारी गराइयोस्, राष्ट्रपति चुरे तराई मधेश विकास समितिलाई प्रदेश स्तरीय समेत उपसमिति गठन गरी व्यवस्थापन गरियोस् भनि प्रदेश-२ को माग रहेको व्योहरा ध्यानाकर्षण गराउँदछु ।

सुरेश कुमार ण्डल
राज्यमन्त्री,
उद्योग, पर्यटन, वन तथा वातावरण
मन्त्रालय
प्रदेश-२, जनकपुरधाम

# यस्तो छ अन्तर्राष्ट्रिय मैथिली सम्मेलनको घोषणापत्र

**राजर्षि जनकक ज्ञानभूमि, जगदम्बा जानकीक पावन भूमि, प्राचीन मिथिलाक**
**राजधानी, वर्तमान प्रदेश नं. २ -के राजधानी, ऐतिहासिक एवं सांस्कृतिक नगर जनकपुरधाममे २०७५ पूस ७ आ ८ गते (२२ आ २३ दिसम्बर २०१८)मे आयोजित सोलहम अन्तर्राष्ट्रीय मैथिली सम्मेलनद्वारा पारित**
**जनकपुरधाम घोषणा-पत्र २०७५**



दू दिवसीय विभिन्न कार्यक्रमक संङ्ग विक्रम सम्वत् २०७५ पूस ७ आ ८ गते तदनुसार दिनाङ्क २२ आ २३ दिसम्बर २०१८ क दिन आयोजित अन्तर्राष्ट्रीय मैथिली सम्मेलनक उद्घाटन सत्रमे अभिव्यक्त विचारसभ, विचार गोष्ठी सत्रमे प्रस्तुत कार्य-पत्रसभ आ ताहिपर कएलगेल टिप्पणीसभक सङ्ग सहभागी महानुभावलोकनिक अभिमतसँ एहि सम्मेलनद्वारा निम्नाङ्कित ११ सूत्रीय घोषणा-पत्र जारी कएल जा रहल अछि :

(१) प्रदेश नं. १ आ २ मे प्रदेश स्तरक आ स्थानीय तहक सरकारी, अर्धसरकारी, गैर सरकारी कार्यालयसभमे मैथिलीकेँ कामकाजी भाषा घोषित कएल जाए ।
(२) नेपालक विद्यालयसभक पाठ्यक्रममे प्रारम्भिक वालशिक्षा केन्द्रसँ लऽ कऽ कक्षा १२ (माध्यमिक तह) धरि १०० पूर्णाङ्कक एक टा पत्र मातृभाषा अनिवार्य राखल जाए ।
(३) प्रारम्भिक बाल शिक्षासँ लऽ कऽ कक्षा ५ धरि अनिवार्य रूपेँ मातृभाषाक माध्यमसँ शिक्षण आ विद्यार्थी मूल्याङ्कनक व्यवस्था कएल जाए । एहिके लेल एहि कक्षासभक भाषा विषयकेँ छोड़ि आन-आन विषयसभ मातृभाषक माध्यमसँ प्रकाशित कएल जाए ।
(४) नेपालक प्रदेश नं. १ आ २ मे मुख्य कार्यक्षेत्र रखैत देशभरिक मैथिली भाषाक संरक्षण आ सम्वर्द्धनक लेल मैथिली अकादमीक स्थापना कएल जाए ।
(५) मैथिली भाषामे पत्रकारिता कएनिहारसभके बृत्ति विकासक व्यवस्थाक सङ्गहि छापा आ विद्युतीय सञ्चार माध्यमसभके राजकीय संरक्षण भेटए ।
(६) लोकसेवा आयोग सहित सब सेवा आयोगसभमे परीक्षाक माध्यममे मातृभाषा मैथिलीयोके मान्यता देल जाए ।
(७) नेपालक सम्विधान २०७२ मे व्यवस्था कएल गेल भाषा आयोगकेँ पूर्णता देल जाए, जाहिमे मैथिली भाषाक विज्ञकेँ समानुपातिक रूपेँ समावेस कएल जाए ।
(८) एहि क्षेत्रक पर्यटकीय विकासक लेल मिथिला पर्यटन सर्किटके निर्माण कएल जाए ।
(९) प्रदेश स्तरमे शोधकेन्द्रक स्थापना आ मैथिली शोधवृत्तिके व्यवस्था हुअए ।
(१०) नेपालक सम्विधान २०७२ मे एकटा अनुसूची बना कऽ नेपालक समृद्ध भाषासभकेँ सूचीकृत कएल जाए ।




# सीके राउतका समर्थकहरूद्वारा फोरमका सांसद सम्मानित

काठमाडौं । वैदेशिक रोजगारका लागि कतारमा रहेका मधेशका युवाहरूद्वारा प्रतिनिधिसभा सदस्य तथा संघीय समाजवादी फोरम नेपालका नेता उमाशंकर अरगरिया सम्मानित भएका छन् । शुक्रबारको दोहाको एसियन टाउन (ग्रेण्ड मल) मा मधेशी युवाहरूले मधेशको समस्या सम्बन्धित आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सांसद अरगरियालाई सम्मान गरिएको चन्द्रबिर कुमार यादवले जानकारी दिए ।



कतारमा रहेका मधेशी युवाहरूले स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा.सीके राउत र प्रहरी हिरासतमा मृत्युवरण गरेका राम मनोहरप्रति न्यायका लागि सांसद् अरगरियाको ध्यानाकर्षण गराएका थिए ।

मधेशी युवाहरूले मधेशमा मानब अधिकार हनन्का धेरै घटना भएको गुनासोसमेत सांसद अरगरियासँग गरेका थिए । अरगरियाले भने, "हामीहरूले सबै मधेशी र नेपालीको कल्याणका लागि काम गर्दैछौं र यस्ता मानब अधिकार हननको घटनाप्रति दुःख व्यक्त गर्दछु । लोकतन्त्रमा सबै नेपाली मधेशीलाई आफ्नो विचार स्वन्त्रतपूर्वक राख्न नेपालको संविधानमै व्यवस्था गरिएको छ र नेपालको संविधानमै स्वतन्त्रतापूर्वक संगठन खोल्ने व्यवस्था गरिएको छ ।' कार्यक्रम को उद्घोषण चन्द्रबिर कुमार यादवले गरेका थिए भने कार्यक्रमको सुरूवातमा परिचय गरी सहीदहरूप्रति श्रद्धाञ्जली व्यक्त गरेर १ मिनटको मौन धारण पनि गरिएको थियो । वक्ताहरूले मधेशका बिभिन्न मुद्दामा आआफ्नो विचार प्रस्तुत गरेका थिए । उपस्थित सबै सदस्यहरूले मधेशका मुद्दा सम्बन्धित प्रश्नहरू गरेका थिए र अन्त्यमा सासंद अरगरियाले आफ्नो बिचार राखे र बक्ताहरूले उठाएका प्रश्नको जवाफ दिएका थिए । यस कार्यक्रमको आयोजना तथा व्यवस्थापन जितेंद्र कुमार महतो, सरोज प्रसाद शाह, जागत लाल मंडल र दिवाकर कुमार झाले गरेका थिए । अन्तरक्रिया कार्यक्रमको अध्यक्षता शिव कुमार पालले गरेका थिए ।

## मधेश अपडेट

### बालबालिकाको शिक्षामा जोड दिन आग्रह

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले मुस्लिम अगुवाहरूलाई बालबालिकाको शिक्षामा जोड दिन आग्रह गरेका छन् । अलहुदा एजुकेशन एण्ड वेलफेयर सोसाइटीले आयोजना गरेको तीन दिवसीय प्रशिक्षण कार्यक्रमको समापन समारोहमा मुख्यमन्त्री राउतले मुस्लिम समुदायको सामाजिक, राजनीति र आर्थिक उन्नयनका लागि बालबालिकाको शिक्षामा जोड दिनु पर्ने बताए । उनले प्रदेश सरकार सबै जात समुदायको अधिकारको रक्षाका लागि प्रतिबद्ध रहेको उल्लेख गर्दै राज्यले प्रदान गर्ने अधिकार प्राप्त गर्न समेत शिक्षा आवश्यक रहेको तर्फ अगुवाहरूलाई सचेत गराए । प्रदेश सरकारले ल्याउन लागेको मदरसा बोर्डले इस्लामिक शिक्षाको साथै आधुनिक शिक्षाको पनि सुनिश्चित गरेको हुँदा विधेयक पारित भएपछि मदरसामा अध्ययन गर्ने छात्रछात्राहरूसमेत राज्यको मूलधारमा समाहित हुने उल्लेख गरे । अब्दुला जोलमको अध्यक्षतामा भएको समापन समारोहमा पूर्वगृहराज्यमन्त्री रिजवान अन्सारी लगायतका वक्ताहरूले सम्बोधन गरेका थिए । योग्य शिक्षक उत्पादन गर्ने उद्देश्यले आयोजन गरिएको तालिममा मुलुकको विभिन्न मदरसामा अध्ययनरत ६० जना विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

### पाइप लाइन निर्माण अन्तिम चरणमा

वीरगन्ज । नेपाल र भारत सरकारको प्राथमिकतामा रहेको मोतिहारी अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । मोतिहारी अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन परियोजना कार्यालय सिमराका अनुसार नेपालतर्फको ३९ दशमलव दुई किलोमिटर भू-भागमध्ये २१ किलोमिटर क्षेत्रमा जमीनमुनि पाइप बिछ्याउने काम सम्पन्न भइसकेको छ । तीव्र गतिमा बाँकी काम भइरहेकाले बढीमा तीन महीनाभित्र काम सम्पन्न भई भारत बिहारको राजधानी पटनाबाट पाइप लाइनमार्फत पेट्रोलियम पदार्थ ल्याउन सकिने छ । नेपाल-भारत सीमा क्षेत्रको वीरगञ्ज भन्सारस्थित रजत जयन्ती चोक वाइपास क्षेत्रमा समेत पाइप बिछ्याउने काम सम्पन्न भइसकेको छ ।  नेपालको लाइफ लाइनको रूपमा रहेको भारतको मोतिहारीदेखि अमलेखगञ्जसम्म ७० किलोमिटर लम्बाइको सो पाइप लाइन निर्माणको लागि भारत सरकारले ३५० करोड भारतीय रूपैयाँ लगानी गरेको छ । गत गत चैतको अन्तिम साता भारत भ्रमणको क्रममा प्रधानमन्त्री केपी शर्मा ओली तथा समकक्षी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँदिल्लीको हैदरावाद हाउसबाट संयुक्त रूपमा मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइनको शिलान्यास गरेका थिए ।

### दृष्टिविहीन बालबालिकालाई न्यानो कपडा

दिनेश ठाकुर, नेपालगञ्ज । बाँके नेत्रहीन संघका दृष्टिविहीन बालबालिकालाई सहरी विकासमन्त्री मो. इश्तियाक राईले न्यानो कपडा वितरण गराएका छन् । शुक्रबार बिहान संघको कार्यालयमै गई मन्त्री राईले दृष्टिबिहीन बालबालिकाका लागि ४९ थान न्यानो कपडा (स्वेटर) उपलब्ध गराएका थिए । बालबालिकाहरूलाई कपडा वितरण गर्दै मन्त्री राईले दृष्टिबिहीन बालबालिकालाई थोरै भएपनि सहयोग गर्न पाउँदा हर्षित भएको बताए ।  उनले भविष्यमा पनि दृष्टिबिहीन बालबालिकाका लागि व्यक्तिगत र सरकारका तर्फबाट सहयोग जुटाउन प्रयत्न गर्ने बताए । संघको छात्राबासमा बस्दै आएका अधिकांश विद्यार्थीहरू मंगल प्रसाद माध्यामिक बिद्यालयमा अध्ययनरत छन् । मंगल माबिमा वाटर कुलर नहुँदा दृष्टिबिहीन बालबालिकालाई पानी पिउन समस्या भएको भन्दै त्यसको व्यवस्था मिलाईदिन संघले गरेको अनुरोधपछि मन्त्री राईले भने, 'दृष्टिबिहीन बालबालिकाहरूका लागि म चाँडै नै मंगल माबिमा वाटर कुलर जडान गर्ने व्यवस्था मिलाउँछु ।' मन्त्री राईसँग संघका पदाधिकारी र मंगल माबिका प्राचार्यले दृष्टिबिहीन बालबालिकाको अध्ययनका लागि छुट्टै भवनको आवश्यकता औंल्याएका थिए । मन्त्री राईले दृष्टिबिहीन बालबालिकाको अध्ययनका लागि छुट्टै भवन बनाउन संसद विकास कोषबाट रकम विनियोजन गर्न आफू तयार रहेको जवाफ दिएका थिए । उनले भने, 'भवन बनाउनका लागि पनि म सकारात्मक छु । यसलाई म पहिलो प्राथमिकतामा राखेर अघि बढ्छु ।

### नेपालगन्जमा सांस्कृतिक महोत्सव हुँदै

नेपालगञ्ज । यहि पौष २६ देखि माघ ८ गतेसम्म नेपालगन्ज कृषि पर्यटन व्यापार तथा बृहत सांस्कृतिक महोत्सव २०७५ संचालन हुने भएको छ ।  एजी सर्भिस प्रा.लिको आयोजनामा नेपालगन्जको कारकादो चोक नजिकै रहेको ३ विगाहा जमिनमा नेपालगन्ज कृषि पर्यटन व्यापार तथा बृहत सांस्कृतिक महोत्सव २०७५ संचालन हुने आयोजकले शनिवार नेपालगन्जमा पत्रकार सम्मेलन गरि जानकारी गराएको छ ।  महोत्सवमा नेपाली गित संगित, कला सांस्कृतिक, भाषा पर्यटन, अध्ययन अनुसन्धान अभिलेखिकरण, आन्तरिक तथा कृषि सम्बन्धि कार्यलाई अगाडी बढाई देशमा रहेका वेरोजगार युवाहरूलाई रोजगार दिने मुल उद्देश्यकका साथ कृषि व्यवसायहरू संचालन गर्ने साथमा अव्यवस्थित रूपमा रहेका उत्पादनशिल जग्गा जमिनलाई उपयोगमा ल्याई अर्गानिक कृषि बस्तु उत्पादन गरिने महोत्सवको मुख्य उद्देश्य रहेको आयोजक टिमका संयोजक नन्द बहादुर बुढाले जानकारी गराउनुभयो । महोत्सवमा राष्ट्रिय कलाकार, विराज भट्ट, निखिल उप्रेती, ज्योति मगर, चन्द्र शर्मा, सम्झना लामिछाने, यश कुमार, शान्ति श्रि परियार, दुर्गेश थापा, टंक तिमिल्सिना, सरस्वती लामा, गोपाल नेपाल जिएम, प्रमोद खरेल, करिश्मा ढकाल, अन्जली अधिकारी लगायत स्थानिय कलाकारहरूको वेजोड प्रस्तुती रहने आयोजक टिमले जानकारी गराएको छ ।

### "डिजिटल नेपाल बनाउन मद्दत पुग्ने"

विराटनगर । प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले राष्ट्रिय परिचयपत्रले डिजिटल नेपाल बनाउन मद्दत पुग्ने बताएका छन् । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले विराटनगरमा आइतबार आयोजना गरेको राष्ट्रिय परिचयपत्र व्यवस्थापनसम्बन्धी प्रस्तुतीकरण कार्यक्रममा उनले सो धारणा व्यक्त गरेका हुन् । प्रविधिको उच्चतम प्रयोग र डिजिटल नेपाल बनाउन यो कार्यले अझ मद्दत हुने मुख्यमन्त्री राईले विश्वास व्यक्त गरेका हुन् । उनले यो अभियानमा जुटेका निकायले समयमै आफ्ना काम पूरा गर्न निर्देशन पनि दिए । नागरिकको पहिचान र परिचय खुलाउने भएकाले यसबाट राष्ट्रलाई फाइदा पुग्ने बताएका छन् ।

### हज समिति गठन गर्नु पर्ने माग

कपिलवस्तु । मदरसाका सवालहरूको विषयमा सेभ द चिल्ड्रेनको सहयोग, शिक्षा विकास तथा समन्वय इकाई कपिलवस्तुको समन्वय र लिडो नेपाल आयोजनामा गौतम बुद्ध होटल तौलिहवा कपिलबस्तुमा कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा प्रदेश नं ५ का सामाजिक विकास मंत्रालयका उपसचिव थानेश्वर ज्ञवाली, सूर्य भुषाल, मित्रमणि खनाल, प्रतिनिधि सभा सदस्य अतहर कमाल, शिक्षा विकास तथा समन्वय इकाई कपिलवस्तुका प्रमुख बाबुराम भट्टराई, जिल्ला विकास समन्वय समितिका उपसभापति तारावति चौधरी, सेभ द चिल्ड्रेनका इश्वर खत्री, गोकुल अर्याल, कृष्णानगर नगरपालिकाका उपमेयर सबनम खातुन, लिडो नेपालका प्रतिनिधि, विद्यालय निरिक्षक, आर. पी, विभिन्न मदरसा का प्रतिनिधि, राष्ट्रीय मदरसा संघ नेपाल का महासचिव मौलाना मसहूद खां नेपाली, राष्ट्रीय मदरसा संघ नेपाल का राष्ट्रीय अध्यक्ष डा.अब्दुल गनी अल्कुफी, शिक्षा प्रेमी लगायत अन्य को उपस्थित र सुनिता बेल्वासे ले उद्घोषक को भूमिका निर्वाह गरे ।

### बालिकाहरूका लागि प्रदेश सरकारले बीमा गर्ने

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले आँखाको उपचार सम्बन्धि सेवा परिणात्मकका साथै गुणात्मक समेत हुनु पर्नेमा जोड दिएका छन् । १२औं पूर्वक्षेत्रीय नेत्र सम्मेलनको शुक्रबार सिरहाको लहानस्थित सगरमाथा चौधरी अस्पतालमा उद्घाटन गर्दै मुख्यमन्त्री राउतले आँखा उपचारको सेवामा नेपालले ठूलो फडको मारे पनि यसलाई अझै गुणात्मक बनाउनु पर्नेमा जोड दिएका हुन् । उनले समाजको हरेक तप्कासम्म आँखा उपचारको सेवालाई पुऱ्याउन पर्नेमा जोड दिँदै यसका लागि प्रदेश सरकारले गर्न सक्ने हरेक प्रकारको सहयोग गर्न तयार रहेको उल्लेख गरे । मुलुकको मात्र नभई विश्वको तेस्रो अस्पतालमा रहेको सगरमाथा चौधरी अस्पताल प्रदेश नं. २ का लागि गौरवको विषय रहेको उल्लेख गर्दै उनले अस्पताललाई अझ परिस्कृत गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको बताए । एक फरक प्रसंगमा मुख्यमन्त्री राउतले बेटी बचाउ बेटी पढाउअन्तर्गत माघ १ गतेदेखि जन्मिने बालिकाहरूका लागि प्रदेश सरकारले बीमा गर्न लागेको जानकारी गराए । उनले पहिलो चरणमा आठ वटै जिल्लाबाट दलितहरूको बाहुल्यता रहेको एक एक पालिकालाई छनौट गरेर बीमा कार्यक्रम संचालन गरिने उल्लेख गरे । उनले अगामी आर्थिक वर्षबाट यो योजना प्रदेशभरि नै लागू गर्ने योजनामा आफूहरू रहेको खुलासा समेत गरेका छन् ।

# नेपाल 'ल्याण्डलकबाट ल्याण्डलिङ्क कन्ट्री' : प्रचण्ड

चितवन । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल 'ल्याण्डलकबाट ल्याण्डलिङ्क कन्ट्री' भएको बताएका छन् । भरतपुर महानगरपालिका-२३ स्थित लक्ष्मी माध्यमिक विद्यालय जगतपुरको स्वर्ण महोत्सव समारोहलाई सम्बोधन गर्दै उनले सरकारले भारत र चीनसँग सम्बन्ध सुधार गरी भएका सहमतिबाट नेपाल ल्याण्डलिङ्क हुन सफल भएको बताए ।

भारत सरकारसँग विद्युतसँग सम्बन्धित महत्वपूर्ण सहमति भएको बताउँदै उनले भने 'सहमतिले विगतको परिस्थितिलाई नेपाल राष्ट्र र नेपाली जनताको पक्षमा सकारात्मक प्रगति गराएको छ ।' भारत सरकार र भारतीय कम्पनीहरूले लगानी गरेर उत्पादन गरेको विद्युत् मात्रै भारतले



किन्ने भन्ने विगतमा भएको भए पनि अब नेपालमा उत्पादित जुनसुकै विद्युत् पनि भारत बङ्गलादेशलगायत जुनसुकै देशमा बिक्री गर्न बाटो खुलेको उनले बताए ।

भारतको बाटो हुँदै नेपाल प्रवेश गर्दा वीरगञ्ज र सीमराबाट मात्रै हवाई मार्गबाट आउनुपर्ने अवस्थाको अन्त्य भएको भन्दै उनले भने 'जुनसुकै बाटो हुँदै नेपाल प्रवेश गर्ने सैद्धान्तिक सहमति भएको छ ।' चाहे जल मार्ग होस् या रेलमार्ग होस् नयाँ सहमति नेपाली जनताको पक्षमा भएको उनले बताए । चीन सरकारसँग भएका केही महत्वपूर्ण वाणिज्य र व्यापारसँग सम्बन्धित सम्झौताहरू भएको बताउँदै उनले भने 'जसले नेपाललाई अहिले ल्याण्डलक कन्ट्रीबाट एउटा ल्याण्डलिङ्क कन्ट्री बनाएको छ ।'

संविधानले शिक्षा, स्वास्थ्य र रोजगारीलाई मौलिक अधिकारको रूपमा व्यवस्था गरेको भन्दै उहाँले जीवन व्यवहारमा कार्यान्वयन गर्न नसकिएको बताउनुभयो । कसैले शिक्षा, स्वास्थ्य र रोजगारी नपाएकै कारण अदालतमा मुद्दा दिन पाउने बताउँदै उनले भने 'नयाँ संविधानअनुसार अदालतले बेरोजगारी, उपचार र रोजगारीको पक्षमा फैसला दिन्छ ।'

राजधानीमा दुई ठूला पार्टीका भिन्न बैठकले पनि संविधान कार्यान्वयन, विकास र समृद्धिका पक्षमा वकालत गरेको उनले बताए । नेपाल कम्युनिष्ट पार्टीको जारी बैंठक र नेपाली काङ्ग्रेसको महासमिति बैठक दुवैको मुख्य एजेण्डा समृद्धि रहेको उनले बताए । उनले चितवनको विकासका लागि आफू लागिपरेको भन्दै नारायणी र राप्तीमा मेस जालीसहितको रिङरोड निर्माणका लागि प्रधानमन्त्रीसँग छलफल गरी विस्तृत अध्ययनको प्रक्रिया अगाडि बढेको बताए ।

कार्यक्रममा नेपाली काङ्ग्रेस चितवनका सभापति जीतनारायण श्रेष्ठ, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपीनाथ भुषाल, प्रधानाध्यापक मुक्तबहादुर पौडेल, पारसमणि भुषाललगायतले बोलेका थिए ।

# सप्तरीमा पनि राष्ट्रिय परिचयपत्र वितरण गरिने

राजविराज । अगामी तीन महीनामा सप्तरीमा पनि राष्ट्रिय परिचयपत्र वितरण गरिने भएको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले स्थानीय तहका जनप्रतिनिधिसँग राजविराजमा आइतबार गरेको अन्तर्क्रियामा विभागका निर्देशक चोमेन्द्र न्यौपानेले प्रदेश नं २ को सप्तरी र महोत्तरीसहित देशको १५ वटा जिल्लामा व्यक्तिगत विवरणसहितको चिप्स कार्ड अर्थात् राष्ट्रिय परिचयपत्र वितरण गर्ने बताएका छन्

राष्ट्रिय परिचयपत्र प्रक्रियाका लागि तीन महीना समय लाग्ने भएकाले केही दिनमै कर्मचारी छनोट गरी बताए । निर्देशक न्यौपानेले जिल्लाका १६ वर्षदेखि माथि उमेर पुगेका तीन लाख ८४ हजार ७८५ जना नागरिकलाई अबको तीन महीनामा परिचयपत्र वितरण गर्ने जानकारी दिए । जैविक तथा व्यक्तिगत विवरण र विद्युतीय चिप्स एवं सुरक्षासहितको परिचयपत्रमा बायोमेट्रिक प्रणाली प्रयोग गरी राष्ट्रिय परिचय नम्बर उल्लेख भएको कार्ड वितरण गरिने उनले बताए ।

आर्थिक वर्ष २०७४र०७५ भित्र जिल्लामा नागरिकता प्राप्त गरिसकेका नागरिकको परिचयपत्र बनाइसक्ने लक्ष्य रहेको न्यौपानेको भनाइ थियो ।

नेपालका प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने प्रणालीको विकास गरी नागरिकलाई प्रदान गर्ने उद्देश्य रहेको पनि उनले बताए ।

नेपाल सरकारले पहिलो चरणका लागि पाँचथर जिल्ला र सिंहदरबारका कर्मचारीलाई राष्ट्रिय परिचयपत्र वितरणका लागि छनोट गरिएकामा सो कार्ड वितरण कार्य शुरू भइसकेको उनले जानकारी दिए ।

गृह मन्त्रालयले विदेशी कम्पनीबाट दुई लाख ५० हजारको क्षमता भएको सर्भर ल्याएको र केही थप सर्भर थपिने गरी तीन महीनाभित्रै परिचयपत्र वितरण कार्यक्रम शुरू गर्ने निर्देशक न्यौपानेले भने ।

प्रदेशसभा सदस्य नेत्रविक्रम साहले राष्ट्रिय परिचयपत्र वितरण कार्य प्रभावकारी बनाउन नागरिकताबाट वञ्चित भएका तथा जन्मसिद्धका आधारमा नागरिकता लिएका छोरा/छोरीलाई वंशजका आधारमा दिएजस्तै राष्ट्रिय परिचयपत्र वितरण गर्नुपर्ने माग गरे ।

यस्तै प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले एक व्यक्ति एक परिचयपत्र नम्बरका कारण सामाजिक सुरक्षा कार्यक्रम, समाजिक बीमा, पेन्सन सुविधा एवं सरकारबाट दिइने अन्य सेवा सुविधामा भइरहेको चुहावटमा राष्ट्रिय परिचयपत्रले सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

# मिल संचालनमा ढिलाइ, खेतमै सुक्न थाल्यो उखु

**रविन्द्र यादव**

नवलपरासी पश्चिम, ८ पुस । उखु क्रसिङ गर्ने उत्तम समय भनेकै मंसिर दोश्रो साता हो । यो समय बितेको झण्डै महिना दिन लाग्यो । तर, पनि उखु मिल संचालनमा नआउँदा उखु किसानहरू अन्यौलमा परेका छन् । साहु महाजन कहाँबाट चर्को व्याजदरमा ऋण लिएर गरेको उखु खेती अहिलसम्म खेतमै सुकिरहदाँ किसानहरूलाई ऋणको ब्जाज र घर व्यवहार समेत मिलाउन समस्या भएको गुनासो गरेका छन् ।

एकातर्फ सरकारले अहिलेसम्म उखुको उचित मुल्य निर्धारण नगर्नु अर्को तर्फ चिनी मिलका संचालकहरू आलटाल गर्दै अहिलेसम्म मिल संचालन नगर्नुले मिल चल्ला कि नचल्ला भनि किसानहरू अन्यौलमा परेका छन् । मिल समयमै संचालनमा नआउँदा किसानहरू गहुँ, मसुरो, केराउ र तोरी खेती सिजन सकेर सो खेतीबाट बन्चित त भए नै यता खेतमै उखु सुकेर किसानहरूलाई थप घाटा भैरहेको सुस्ता गाउँपालिका ३ नर्सहीका उखु किसान लख्खु यादवले दुखेसो पोखे ।

स-साना किसानहरू घर व्यवहार मिलाउन बाध्य भई स-साना उखु क्रसर तथा बिचौलियाहरूलाई ३५० देखि ४०० रूपिया प्रति क्वीन्टल सस्तोमा उखु विक्री गरिरहेका छन् । जिल्लामा ईन्दिरा सुगर मिल, बागमति खाडसारी चिनी मिल र लुम्बिनी चिनी मिल गरि ३ वटा ठुला चिनी उद्योग र ५० भन्दा बढि स-साना उखु क्रसरहरू संचालनमा छन् ।

यी ठूला मिलहरू किसानहरूको बक्यौता रकम ५ करोड रूपैया अझै भुक्तानी दिएका छैनन अर्को तर्फ समयमै मिल नचलाएर किसानहरूलाई सस्तो उखु खसाल्न बाध्य बनाई रहेको प्रतापपुर गाउँपालिका ८ पिपरपातीका किसान युवराज मौर्यले गुनासो गरे । विगतमा मंसिरमै उखु मिलहरू संचालनमा आई उखु क्रसिङ्ग गर्ने गर्दथे तर अहिलेसम्म उखु मिल संचालनमा नल्याउँदा किसानहरू अन्यौलमा परि ठुलो मर्कामा परेका छन् । सरकारले समयमै उखुको उचित मुल्य निर्धारण गर्न र उखु मिलहरूलाई तत्काल संचालनमा ल्याउन पहल गरिदिन उखु उत्पादक कृषक समिति नवलपरासीका अध्यक्ष उमेशचन्द्र यादवले सरकार संग आग्रह गरेका छन् ।

समितिका अध्यक्ष यादवले जानकारी दिए अनुसार सरकारले किसानहरूलाई दिएको अनुदान रकम प्रति क्वीन्टल ६५.२८ रूपैया झन्झटिलो प्रक्रियाका कारण किसानहरूले सो अनुदानको रकम पाउन सकेका छैन । यस गण्डक कमाण्ड क्षेत्रका अधिकांश किसानहरू उखु खेती हुण्डा, उखडा, आठ नं. प्रति र बगर नदीको छेउछाउमा गरेकाले सो पुजा नहुँदा अनुदान रकम पाउनबाट बन्चित नै भैरहेको अध्यक्ष यादवले दुख सुनाए ।

उनले, सरकारले अनुदानको रकम पाउन सहज प्रक्रिया बनाएर किसानहरूलाई सहजै सो रकम उपलब्ध गराउन आग्रह गरे । यता उखु मिलका संचालकहरूले मिल संचालन नगरि किसानहरूलाई सस्तोमा उखु खसाल्न बाध्य बनाईरहेको किसानहरूले गुनासो गरेका छन् ।

मिल संचालकहरूले मिलको मर्मत कार्य भैरहेकाले मिल संचालनमा ढिलाई भएको सफाई दिदै किसानहरूलाई सस्तोमा उखु खसाल्न बाध्य बनाइरहेको पाइएको छ । त्यसैमा मौकाको फाइदा उठाउँदै बिचौलियाहरू ठाउँ-ठाउँमा उखु खरिद सेन्टर राखी सस्तोमा उखु खरिद गर्ने चलखेलमा लागेका छन् । जिल्लामा कुल साढे ७ हजार हेक्टयर क्षेत्रफलमा उखु खेती हुदै आएको छ जसमा करिब १४ हजार घरपरिवार उखु खेती आवद्ध छन् । सो खेतीबाट करिब २० लाख क्विन्टल उखु उत्पादन हुने गरेको समितिले जनाएको छ ।

## नेपाल र भारत सीमा क्षेत्रमा पिलर गाडिदै

काठमाडौं । चार वर्षअघि सुरू गरिएको नेपाल-भारत सीमा क्षेत्रको वैज्ञानिक मापन जारी छ । एक हजार आठ सय ८० किमि लामो नेपाल-भारत सीमा क्षेत्रमा हालसम्म करिब ६ हजार सीमा स्तम्भ गाडिएका छन् । सीमा क्षेत्रमा आठ हजार आठ सय ५४ पिलर गाड्नुपर्ने हुन्छ । नेपाल-भारत सीमा क्षेत्रको वैज्ञानिक मापन गर्न चार वर्षअघि गठित संयुक्त सीमा कार्यदलले हालसम्म करिब आधा मात्र काम गरेको छ । कार्यदलले नेपाल-भारत सीमा क्षेत्रमा आठ हजार पाँच सय ५४ सीमा स्तम्भ गाड्ने तयारी गरेको छ । सन् १८१६ को सुगौली सन्धि आधार मानेर हाल सीमाको वैज्ञानिक मापन गर्न सुरू गरिएको नापी विभागले जनाएको छ ।

## खाद्य पदार्थको आयात/निर्यातकर्ता एवं सरोकारहरूलाई अनुरोध

१. **खाद्य वस्तुहरू आयात/निर्यात गर्नु भन्दा आगावै पूर्व स्वीकृति लिनु पर्ने :** आयात /निर्यात कर्ताहरूले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग बबरमहल, काठमाडौंमा सम्पर्क राखी नियमानुसार पूर्व स्वीकृति प्रमाण पत्र लिनु पर्ने छ ।

२. **क्यारेण्टाइन प्रमाण पत्र प्राप्त गर्नुपर्ने :** आयात निर्यात गरिने खाद्य वस्तुको पूर्व स्वीकृति, सम्बन्धी देशबाट जारी गरिएको स्वस्थताको प्रमाण-प्रत्र वा फाइटोसेनेटरी प्रमाण पत्र , मान्यता प्राप्त प्रयोगशालाबाट जारी गरिएको विश्लेषण रिपोर्ट, लेबल सहितको खाद्य वस्तुको नमुना, बिल बिजक जस्ता सम्पुर्ण कागजात संलग्न राखी विभाग, क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यलय तथा, खाद्य क्वारेण्टाइन प्रयोगशालामा निवेदन दिनुपर्ने छ । साथै नियमानुसारको राजस्व दस्तुर समेत लाग्ने छ ।

३. **लेबल प्रष्ट बुझिने हुनुपने :** खाद्य पदार्थको बाहिरी आवरणमा भएको लेबल नेपाली वा अंग्रजी वा दुबै भाषामा अनिवार्य रूपमा खुलाईएको हुनुपर्ने छ ।

४. **सचेत रहनु पर्ने :** माथि उललेख गरिएका कागजात र लेबल सम्बन्धि विवरण तोकिएको ढाँचामा नभएको पाइएमा उक्त खाद्य वस्तु आयात /निर्यात विन्दुमै जफत गरि नष्ट समेत गर्न सकिने भएकाले यसतर्फ समयमै सचेत रही आफ्नो व्यवसाय संचालन गर्नुहुन अनुरोध छ ।

**नेपाल सरकार**

**कृषि तथा पशुपंक्षी विकास मन्त्रालय**

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल, काठमाडौं**

फोन नम्बर ०१-४२६२४३०

वेवसाइटः www.dftqc.gov.np

## संक्षिप्त समाचार

### घुससहित वडा सचिव पक्राउ

रूपन्देही । अख्यितार दुरूपयोग अनुसन्धान आयोग, बुटवलको टोलीले यहाँ घुससहित वडा सचिवलाई पक्राउ गरेको छ । बुटवल उपमहानगरपालिका- १३ का वडा सचिव भरतकुमार काउचालाई रू पाँच हजारसहित आयोगको अनुसन्धान टोलीले नियन्त्रणमा लिएको हो । पक्राउ परेका काउचालाई भ्रष्टाचार निवारण ऐनअन्तर्गत कारवाही प्रक्रिया अघि बढाइने जनाइएको छ । बसाइँसराइको कागजात मिलाउने विषयमा सेवाग्राहीसँग उनले घुस लिएका थिए ।

### मन्त्री अर्यालद्वारा निरीक्षण

धनगढी । सुदूरपश्चिम प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारणमन्त्री पद्मा अर्यालले मालपोत तथा नापी कार्यालयको निरीक्षण गरेकी छन् । मन्त्री अर्यालले सरकारले जग्गाको कित्ताकाट गर्न रोक लगाएकाले कित्ताकाटको अनुपात हेर्न आफूले कार्यालयहरूको निरीक्षण गरेको बताइन् । भूउपयोग नीति बनाउने तयारी गरिरहेको सरकारले जग्गाको खण्डीकरण रोक्न कित्ताकाटमा रोक लगाएको छ । तर अंशबण्डा र बसकपत्रका हकमा भने कित्ताकाट गर्न पाइने व्यवस्था छ । मन्त्रीको निर्देशनपछि नापी कार्यालयका प्रमुख दयानन्द जोशीले जनशक्ति पर्याप्त रहे पनि भौतिक संरचना कम भएकोले भवन निर्माणमा पहल गरिदिन माग गरे ।

### एलिना अब साउथ इण्डियन फिल्ममा

काठमाडौं । नेपाली सिने क्षेत्रबाट छलाङ्ग मार्दै नायिका एलिना बासकोटा साउथ इण्डियन मुभिमा पुगेकी छिन् । नेपाली सिने जगतमा प्रवेश गरेको सानो समयमै दर्शकहरूमाझ लोकप्रियता कमाउन सफल नायिका एलिना बासकोटालाई साउथ इण्डियन मुभीसम्म पुग्ने मौका भने "टिकटक" नामक मनोरंजनात्मक एप्सले जुराएको हो । सामाजिक सञ्जालमा निकै नै चर्चामा रहेको मनोरञ्जनात्मक म्युजिक भिडियो एप्स "टिक-टक"मा केही समय अघि आफ्नो भिडियो राखेपछि साउथ इण्डियन मुभिका कोरियोग्राफरले प्रभावित भएर फिल्ममा आइटम डान्सको प्रस्ताव गरेपछि आफूले स्वीकार गर्दै साउथ इण्डियन फिल्मको यात्रामा आफ्नो पाइला अघि सारेको नायिका एलिनाले बताइन् ।

### सहमतिमा संचालक समिति चयन

विराटनगर । सहमति बचत तथा ऋण सहकारी संस्था लिमिटेड विराटनगर-८ ले छैठौ सधारण सभागरी सर्वसम्तीले नयां संचालक समिति गठन गरेका छ । सधारण सभाको खुल्ला सत्रकोलाई प्रमुख अतिथी पूर्व संविधान सभा सदस्य ऋषीकेश पोखरेलले उद्घाटन गर्दै सहकारीले गर्ने आर्थिक, सामाजिक र सांस्कृतीक कामलाई पार्दशी र रोजगार मुखी वनाउनु पर्ने वताउनु भयो । सहकारीमा वचत कर्ताले स्वयम आफै आए वचत गरेमा ती सदस्यले सल्लाह सुझाव समेत दिने भएको तीनीहरूको सल्लाह र सुझावले अगाडी बढ्नु पर्ने बताए । सो सभामा प्रमुख अतिथीले सहकारीका सदस्य मध्येका जेष्ठ नागरिक दमन विक्रम थापालाई सहकारीको १० वटा शेयर उपहार दिएर सम्मान गरेका थिए भने उत्कृष्ट वचत कर्ता इश्वर कार्की र उत्कृष्ट ऋणी तिला देवी मण्डललाई सहकारीको ५ वटा शेयर दिएर सम्मान गरेका थिए ।

### मेयरविरूद्ध विद्यार्थीहरूद्वारा नाराबाजी

वीरगन्ज । श्री माईस्थान विद्यापीठ मा.वि. का प्रधानाध्यापक विनोद मेहताको वीरगंज महानगरपालिकाले सरूवाका लागि पत्राचार गरेपछि विरोध प्रदर्शन भएको छ । सो विद्यालयमा अध्ययनरत २५ सय छात्रछात्राहरू र विद्यालयका कर्मचारीहरूले साथै, वडा नं. ९ का वडा अध्यक्ष बसन्त भक्कर, श्री माईस्थान विद्यापीठ मा.वि का व्यवस्थापन समितिका अध्यक्ष मधु सुदन लगायतका शिक्षकहरूले विनोद मेहताप्रति भएको सरूवाको निर्णय फिर्ता नभए आन्दोलनमा जाने चेतावनी दिएका छन् । यसै सन्दर्भमा वडा नं.९ का अध्यक्ष बसन्त भक्करसँग सोध्दा एस.ई.ई को परीक्षा नजकिएकोले सरूवा गर्न नमिल्ने बताएका छन् ।

### समितिलाई पाँच लाख हस्तान्तरण

विराटनगर । समाजसेवी रेखबहादुर भट्टराई र गङ्गादेवी भट्टराईले रू पाँच लाखको चेक विराटनगर महानगरपालिका-३ स्थित आदर्श उपभोक्ता संरक्षण समितिलाई आज हस्तान्तरण गरेका छन् । सो रकम अक्षयकोषमा राखी आर्जित ब्याजबाट विभिन्न विधाका बहुआयामिक प्रतिभालाई सम्मान गरिने उद्देश्य छ ।

### नेपाल आइडल २ का विजेतालाई सम्मान

कैलाली । नेपाल आइडल २ का विजेता रवी वडलाई सुदूरपश्चिम प्रदेश सरकारले धनगढीमा सम्मान गरेको छ । विमानस्थलबाट सिधैं मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेका वडलाई सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचल भट्टले कार्यकक्षमै खादा तथा फूलमालासहित स्वागत गरेका थिए ।

### सीमा स्तम्भलाई थप व्यवस्थित गरिने

काठमाडौं । नेपाल-भारत सिमाना रहेका सिमा स्तम्भलाई थप व्यवस्थित गरिने भएको छ । भारतको विरपुरमा बसेको नेपाल-भारत फिल्ड सर्वेको संयुक्त वैठकमा यस विषयमा छलफल भएको हो । बैठकमा मोरङ, सुनसरी तथा झापा जिल्लाको दशगज्जा क्षेत्रमा अतिक्रमण रोक्ने, बिग्रे भत्केको सीमास्तम्भ मर्मत संभार गर्ने तथा सीमा स्तम्भलाई थप व्यवस्थित गर्ने विषयमा छलफल भएको मोरङका प्रमुख जिल्ला अधिकारी रमेश केशीले बताए । यसैगरी हराएका र बिग्रे भत्केको सीमास्तम्भ व्यवस्थित गर्न भइरहेको सीमा स्तम्भ निमार्णको कामलाई तीव्रताकासाथ अघि वढाउने विषयमा समेत छलफल भएको हो ।

## २०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू

- **जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,**
- **क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन ( जीवित रहेसम्म) कैद हुने,**
- **सार्वजनिक रूपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।**

**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना तथा प्रसारण विभाग**

# संविधान संशोधन नभए फेरि संघर्षमा जान्छौं : उपेन्द्र यादव

**राकेश यादव**

रौतहट । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष एवं संघीय सरकारका उपप्रधान तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादवले संविधान संशोधन नभए पुन: आन्दोलन जाने चेतावनी दिएका छन् ।

विगतमा भएका सहमतिमा संविधान संशोधनको कुरा स्पस्टरूपमा उल्लेख रहेको बताउँदै माग सम्बोधन नभए फेरि संघर्षको बाटो अपनाउने चेतावनी दिए ।

मधेश आंदोलनको भीषण संघर्षको विरूद्ध बल जवर्दस्ती लादिएको संविधान त्रुटिपूर्ण संविधानलाई संशोधनको माध्यमबाट सर्वस्वीकार्य संविधान बनाउनु पर्ने जरूरी रहेको बताएका छन् ।

उनले वर्तमान संविधान उत्पीडनमा परेको समुदायको विपरीत रहेकोले यसलाई जनताको लागि तुरून्त संशोधन गर्नु पर्ने जोड़ दिए ।

संघीय सरकारको मन्त्री भएपछि पहिलो पटक रौतहट जिल्ला आएका अध्यक्ष यादवले माधव नारायण नगरपालिकाको कार्यालयमा संघीय प्रेस फोरम जिल्ला कार्य समिति रौतहटले आयोजना गरेको पत्रकार सम्मेलनमा सम्बोधन गर्दै त्रुटिपूर्ण संविधानलाई संशोधन, सुधार गर्दै सबै जनताको संविधान बनाउनु पर्ने आग्रह गरे । संघीयताको मजबुत बनाउनका लागि नयाँ कानून बनाउन जरूरी रहेको जिकिर गर्दै पुरानो कानूनलाई संशोधन गर्नु पर्ने आजको आवश्यकता भएको उल्लेख गरे ।



नेपाल विश्वको सबैभन्दा विपन्न मुलुकको सूचिमा रहेको र प्रदेश २ पनि अति पिछडिएको प्रदेशको रूपमा रहेकोले यसको निदानका लागि आर्थिक विकास हुनुपर्ने जोड दिए ।

मधेशको समस्या नागरिकताको मुद्दा संसदीय समितिबाट विधेयक पास भएपछि नागरिकताको समस्याको हल हुने बाटो खुल्ने बताए । नेपालमा मेजर रूपमा तीन समुदाय पहिलो मधेशी दोस्रो जनजाति र तेस्रो खासआर्य मूल चुनौतीको रूपमा रहेको छ ।

मधेशी र खसआर्य एउटै देशको नागरिक भएकोले विभेद किन ? यति पिछडिएको किन ? विभेद र असमानताको शिकार किन ? बराबरको हक्, अवसर किन दिँदैन, सत्ता शासनमा भागिदारी किन हुँदैन ? आदिवासी, जनजाति लगायत अन्य समुदायको स्थिति राज्य विहीनताको रहेको टिप्पणी गरे ।

तिनै समुदायलाइ समानता, अवसर, हक् अधिकारी हुनु पर्ने हाम्रो प्रयास रहेको बताउँदै स्वास्थ्य मन्त्री यादवले विभेद असमानता अन्त भएमा मात्र मुलुक शाति, समृद्धि विकासको मार्गमा अघि बढ्ने ठोकूवा गरे ।

फोरम राजपा एकताको प्रसंगमा मन्त्री यादवले फोरमले एकताको प्रस्ताव अघि सरेर राजपाको समक्ष बढाएको बताए । उनले भने एकताका लागि निर्णय गरिसकेको तर बल राजपाको कोटमा रहेको छ फर्काउँछ की राख्छ भन्न सकिदैन । राष्ट्रिय अध्यक्ष यादवले आजै माधव नारायण नगरपालिकामा निर्माण हुने पुलको शिलान्यास गरेका छन् ।

शिलान्यासपछि पत्रकार सम्मेलनमा सहभागी भएका यादवले संघीय समाजवादी फोरम जिल्ला कार्य समिति रौतहटले सोही ठाउँमा आयोजना गरेको विशाल आम सभा तथा पार्टी प्रवेश कार्यक्रममा सरिक भएका थिए ।

कार्यक्रममा स्वास्थ्यमन्त्री यादवसहित प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र यादव, प्रदेश सांसद अब्बुल कलाम आजाद फूलबाबू, केन्द्रीय सदस्य विंदेश्वर यादव, प्रदेश सदस्य किरण साह, पूर्वजिल्ला संयोजक रामनिवास यादव, शोभा देवी साह, नगर प्रमुख वीरेन्द्र प्रसाद यादव लगायतका नेताहरूले आआफ्नो मन्तव्य राखेका थिए भने कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी २५० जना संघीय समाजवादी फोरम नेपालमा प्रवेश गरेको जिल्ला उपाध्यक्ष श्यामविहारी यादवले जानकारी गराएका छन् । पार्टी प्रवेश कार्यक्रमपछि मन्त्री यादवले जिल्ला अस्पताल गौरको स्थलगत निरीक्षण समेत गरेका थिए ।

# सुडि समाज काठमाडौंको नयाँ कार्यसमिति

काठमाडौं। सुडि समाज काठमाडौंमा नयाँ कार्यसमिति चयन भएको छ । शनिबार काठमाडौंमा भएको साधारणसभाबाट रामकृष्ण निरालाको अध्यक्षतामा १४ सदस्यीय कार्यसमिति सर्वसम्मतले चयन भएको हो । यसैगरी, समाजको उपाध्यक्षद्वयमा डा. अशोक महासेठ र ई.उमाशंकर साह, महासचिव डा.रामानन्दन प्रसाद चौधरी, सचिव रेणुका साह, कोषाध्यक्ष आशा साह र सहकोषाध्यक्ष जगदिश साह चयन भएका हुन् । यस्तै, सदस्यहरू राजकुमार पंजियार, सरिता



महासेठ, शंकर साह, अजयकुमार साह, पुनम पंजियार, विनोद महासेठ र प्रभा बस्नेत रहेका छन् ।साधारण सभाले ई.रामस्वरूप महासेठको संयोजकत्वमा १५ सदस्यीय युवा कमिटीसमेत गठन गरेको हो । सुडि समाजको साधारण सभामा प्रमुख अतिथि भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ, राष्ट्रिय जनता पार्टी नेपालका संयोजक राजेन्द्र महतो, सांसद जुली महासेठ लगायतका उपस्थिति रहेको थियो ।



# नेपालको बिजुली भारत हुँदै बंगलादेश लैजाने बाटो खुल्यो

काठमाडौं । भारतले तेस्रो पक्षले उत्पादन गरेको विद्युत आयात सम्बन्धी व्यवस्थालाई खुकुलो पारेको छ । त्यसैगरी, भारतीय प्रशारणलाई प्रयोग गरेर विद्युत व्यापार गर्न सकिने व्यवस्था समेत गरेको छ । भारत सरकारका ऊर्जा मन्त्रालयले जारी गरेको सीमापार विद्युत व्यापार सम्बन्धी नयाँ निदे्शिकाले नेपालले उठाउँदै आएको मागको सम्बोधन हुने गरी यस्तो व्यवस्था गरेको हो । भारतले जारी गरेको नयाँ निर्देशकाको नयाँ व्यवस्थाले नेपाल र बंगलादेशबीच हुने विद्युत व्यापारका लागि समेत ढोका खोल्नेछ । तर जारी नयाँ निर्देशिकाले परियोजना अनुसार भारत सरकारबाट अनुमति लिनुपर्ने व्यवस्था पनि गरेको छ ।

# इपीजीका सदस्य उप्रेतीको निधन

काठमाडौं । नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (ईपीजी)का भारतीय टोलीका सदस्य प्राध्यापक बीसी उप्रेतीको निधन भएको छ । मुटुको शल्यक्रिया पछि आराम गरिरहेका उनी अचानक संक्रमण भएपछि अस्पताल भर्ना भएका थिए । उप्रेतीले नेपाल-भारत खुला सीमा राख्न नहुने र यसलाई नियमन गर्न पर्ने विषय उठाएका थिए । उनी नेपालबारे जानकार नेपाली भाषी भारतीय प्राध्यापक एवं लेखक हुन् ।

# नीललाई एसिया प्राइड एवार्ड

काठमाडौं । नेपाल तथा भारतका लोकप्रिय हेयर स्टाइलिस्ट नीलडेविड कटवाललाई अन्तर्राष्ट्रिय एवार्डद्वारा सम्मान गरिएको छ । भारतमा हालै आयोजिक एक विशेष समारोहमा डेविडलाई 'एसिया प्राइड एवार्ड' द्वारा सम्मान गरिएको हो । एन्टी करप्सन फाउन्डेसन इन्डियाले उनलाई उक्त विशेष अवार्डद्वारा सम्मान गरेको हो ।

एसिया स्तरमा भव्य रूपले आयोजना गरिएको उक्त सम्मान कार्यक्रम भारतको हरियाणास्थित करनाल भिभान रिसोर्ट्समा सम्पन्न भएको हो । उक्त अवसरमा नेपालसहित अन्य देशहरूका व्यक्तिहरू आफ्ना उत्कृष्ट कार्यका लागि एसिया प्राइड अवार्डले सम्मानित भएका हुन । नेपाली हेयर एक्सपर्ट कटवाल यतिबेला नेपालमा मात्र नभई भारतमा समेत सक्रिय छन् । उनले नयाँ दिल्लीको जिके टु एम ब्लकमा आफो सलुन स्थापना गर्दै भारतको राजधानीमा आफो पहिचान स्थापित गरिसकेका छन् ।

## स्थानीय सम्वाद

# दुधमति पोखरीमा नमुना पर्यटकीयस्थल बन्छ



## योगेन्द्र पजियार

### नगरप्रमुख, क्षीरेश्वरनाथ नगरपालिका, धनुषा

*क्षीरेश्वरनाथ नगरपालिका नेपाल सरकारद्वारा घोषणा गरिएको ७२ नगरपालिकामध्ये एक हो । यो नगरपालिका मिती २०७१ बैशाख २५ गते साविकको ४ वटा गा.वि.स. जस्तै रमदैया भवावडी, सखुवा महेन्द्रनगर, हरिहरपुर र दिगम्बरपुर गरी मिलाएर घोषणा गरिएको नगरपालिका हो । यो नगरपालिकाको क्षेत्रफल ५६.७८ वर्ग किलोमीटर र कुल जनसंख्या ४३७४५ मध्ये पुरूषको संख्या २२३९७ र महिलाको संख्या २१३४८ हो । यो नगरपालिकामा घरघुरी संख्या ७९२५ रहेको छ । यो नगरपालिको पूर्वी सिमानामा भुतही पटेर्वा र धनुषाधाम नगरपालिका पर्दछ भने पश्चिम सिमानामा मिथिला नगरपालिका र शान्तिपुर गा.वि.स. पर्दछ । नगरपालिकाको सन्दर्भमा मधेशवाणीले गरेको कुराकानीको सम्पादित अंश:*

**० तपाईं नगरप्रमुखको रूपमा निर्वाचित भएदेखि के-कस्ता कामहरू गर्नुभयो ?**

– गत वर्षको बजेटमा हामीले सबै वडाहरूको योजना छनौट गर्‍यौं । वडास्तरीय योजनाहरूमा ४५ लाख विनियोजन गरेका थियौं । बाँकी योजनाहरू हामीले नगर सभा गरेर पारित गर्‍यौं । ठूल्ठूला योजनाहरू जस्तो पोखरीहरूको संरक्षण, क्षीरेश्वरनाथ मन्दिरको संरक्षण र सम्वर्द्धन, विभिन्न वडाहरूमा पानी निकासका लागि नालाहरूको निर्माण लगायतका योजनाहरू राखेका थियौं । यस्तै, कृषि क्षेत्रमा विभिन्न कार्यक्रमहरूका लागि पनि बजेट विनियोजन गरेका थियौं । शिक्षामा नियमावलीहरू बनाएर स्तरोन्नतिका लागि कार्यक्रमहरू समावेश भएको छ ।

**० जनप्रतिनिधिको रूपमा काम गरिरहँदा कति चुनौती महसुस गरिरहनुभएको छ ?**

– काम गरिरहँदा विभिन्न चुनौतीहरू आउनु स्वाभाविक नै हो । किनभने काम गर्नका लागि हामीसँग चाहिने आवश्यक कर्मचारी छैन । त्यसले गर्दा कर्मचारी अभावका कारण केही चुनौतीहरू छन् । यस नगरपालिकामा १० वटा वडाहरू छन्, हामीले कुनै निर्णय गर्दा बहुमतीय भन्दा सर्वसम्मतबाट नै गरिरहेका छौं । यहाँ सजिलो तरिकाले काम अगाडि बढाइरहेका छौं । चुनौती भनेको कर्मचारी अभाव मात्र हो ।

**० भनेपछि विपक्षीहरूको अवरोध छैन ?**

– यहाँ विपक्षीको कुनै अवरोध छैन । १० वटा वडामध्ये आठ वडामा काँग्रेसले नै जितेको छ र दुई नेकपाले जितेको छ । त्यसैले हामीले यहाँ कुनै निर्णय गर्दा उहाँहरूलाई पनि मिलाएर सर्वसम्मतले नै काम अगाडि बढाइरहेका छौं ।

**० जनताले स्थानीय सरकारबाट पाउनुपर्ने सुविधाहरू पाइरहेका छन् त ?**

– जनताले स्थानीय सरकारको महसुस गरेका छन् । हामीले गरेका कामहरूको बारेमा जनतालाई भेला गराएर उनीहरूले सेवा सुविधा पाइरहेका छन् कि छैनन् भन्ने सोधपुछ गर्ने गरेका छौं । जनताले काम भइरहेको भन्ने प्रतिक्रिया दिने गरेका छन् । व्यवस्थित रूपमा काम भइरहेको हामीले प्रतिक्रिया पाएकाछौं ।

**० सिंहदरबार गाउँ-गाउँमा भन्ने नारा जनताले महसुस गरेका छन् ?**

– सिंहदरबार गाउँ-गाउँमा भनेको आफैले निर्णय गरेर आफ्नो गाउँ-ठाउँमा विकास गर्ने नै हो । तथापि, तीन तहको सरकार भएपछि केही कुराहरूमा विवाद देखिएको छ । तर पनि स्थानीय तहबाट जनताले पाउनुपर्ने सेवासुविधाहरू पाइरहेका छन् । हामीले पाएका अधिकार क्षेत्रभित्रका सबै काम गर्न पाएका छौं । त्यसबाट जनता लाभान्वित छन् ।

**० प्रदेशभन्दा बढी अधिकार स्थानीय तहलाई दिइएको भनिन्छ, के भन्नुहुन्छ ?**

– हो, वास्तवमा प्रदेशभन्दा स्थानीय सरकारलाई बढी अधिकार दिइएको मैले पनि महसुस गरेका छौं । हाम्रा वडाअध्यक्षहरूलाई पनि पहिलाभन्दा धेरै अधिकार छन् । विकासका कामको क्षेत्रमा हेर्दा पनि हामीले आवश्यक्तानुसार कार्यहरू गरिरहेका छौं ।

**० तर, प्रदेश मातहत स्थानीय सरकार हुनुपर्ने कुराहरू उठ्दैछन् नि ?**

– यो त छलफलको विषय हो । विवादास्पद कुराहरूलाई मिलाएर तीनै तहबीच छलफल हुनु आवश्यक छ । अहिले प्रदेश र स्थानीय सरकारको कतिपय अधिकारबारे नै अन्योलता देखिएको छ । प्रदेशले गर्ने काम र स्थानीय तहले गर्ने कामहरू स्पष्ट देखिएको छैन । अहिले पनि धेरै मान्छेमा प्रदेश सरकार भनेको के हो लगायतका अन्योलता देखिएको छ । त्यसैले, यस्ता अन्योलताहरू हटाउनुपर्ने हुन्छ ।

**० तपाइँहरूले गर्ने काममा प्रदेश सरकारसँग सहकार्य हुन्छ ?**

– हामी गर्ने कामहरूमा प्रदेश सरकारबाट खासै सहयोग पाएका छैनौं । प्रदेश सरकारले हामीलाई जम्मा ३० लाख रूपैयाँ दिएको छ र एक करोड सशर्त दिएको हो । तर, त्यसको कार्यक्रमहरू अहिलेसम्म हामीले पाउन सकेका छैनौं । प्रदेश सरकारका धेरै कानूनहरू अहिलेसम्म बनेको छैन ।

**० चालु आर्थिक वर्षमा के-के प्राथमिकतामा राख्नुभएको छ ?**

– हामीले बाटोघाटोलाई मुख्य प्राथमिकतामा राखेका छौं । प्रत्येक वडामा सडकको दुईतिरै पक्की नाला बनाउने र विस्तारै कालोपत्रे नभए ढलान गर्ने योजना रहेको छ । त्यसपछि दुधमति पोखरीमा घाट निर्माण गरेर नमुना पर्यटकीयस्थल बनाउने योजना छ । त्यसका लागि हामीले एक करोड रूपैयाँ विनियोजन गरेका छौं । त्यसपछि मन्दिर, मस्जिद, विद्यालय बनाउने योजना पनि छ । त्यसका साथसाथै कृषितर्फ नगरपालिकाबाट ३५ लाख रूपैयाँ विनियोजन गरेका छौं । त्यसबाट कृषिका विभिन्न कार्यक्रमहरू जस्तै, बीउ वितरण गर्ने, कृषकहरूलाई तालिम दिने लगायतका छन् । त्यस्तै, लक्षित वर्गहरूलाई विभिन्न किसिमका स्वरोजगार कार्यक्रमहरू पनि राखेका छौं । यसैगरी, स्वास्थ्य क्षेत्रमा विभिन्न कार्यक्रमहरूलाई प्राथमिकतामा राखेका छौं ।

**० क्षीरेश्वरनाथ नगरपालिकालाई आत्मनिर्भरता बनाउने आधार के छ ?**

– यहाँ तरकारी खेती गरेर आत्मनिर्भर बन्न सकिन्छ । यहाँ तरकारी खेती राम्रोसँग गरेर उत्पादन बढाउन सक्यौं भने आम्दानीका स्रोत बढ्छन् । त्यस्तै, यहाँ पशु बजार पनि ठूलो छ । यहाँ पर्यटनस्थलको रूपमा विकास गरेर पर्यटकलाई लोभ्याउन सकिन्छ ।

## विश्व परिवेश

# सम्बन्ध सुधारको अभियान र विश्व राजनीति

नेपालको छिमेकी मुलुक चीनले विभिन्न मुलुकहरूसँग सम्बन्ध सुधारको अभियान थालेको देखिएको छ। जुन नेपालका लागि समेत चासोको बिषय छ। यसै क्रममा चीन र भारतले संयुक्त सैन्य अभ्यास थालेको कुराले नेपालमा समेत बिशेष चर्चा पाएको छ। जसलाई चीन र भारतको सम्बन्ध सुधारको कडीका रूपमा पनि चर्चा गरिन्छ। चीन र भारतका बीचमा सम्बन्ध सुधार हुन नेपालका लागि पनि उल्लेखनीय कुरा हो। भनिन्छ चीन र भारतका बीचमा पछिल्लो समयमा आपसी सम्बन्धमा उल्लेख्य सुधार भएको छ। भारतीय र चिनियाँ सेना चीनको छेन्दुमा संयुक्त अभ्यासमा जुटेका हुन्। गजबको कुरा के छ भने गत सेप्टेम्वरमा नेपाली सेनाले चीनसँग सगरमाथा फ्रेण्डसिप- २ संयुक्त सैन्य अभ्यासमा गर्दा असन्तुष्ट बनेको भारत आफू भने चीनसँग संयुक्त सैन्य अभ्यासमा जुटेकोण छ। गत वर्ष एशियाका दुई शक्तिशाली देशहरू चीन र भारत ७३ दिन लामो दोक्लाम विवादमा रूमलिएका थिए। फेरी उनीहरू नै डिसेम्बर १० देखि प्रतिआतंकवाद र आपसी समझदारीलाई मजबुद बनाउनका लागि भन्दै सैन्य अभ्यासमा जुटेका छन्। दुई देशबीचको सातौँ सैन्य अभ्यासमा दुवै देशका सय/सय जना सैन्य अधिकारीहरू सहभागी हुने कार्यक्रम रहेको चिनियाँ रक्षा मन्त्रालयका प्रवक्ता कर्नेल रन कुयोछियाङले अन्तराष्ट्रिय समाचार संस्थाहरूलाई जानकारी दिनुभएको छ। उहाँका अनुसार संयुक्त सैन्य अभ्यास आगामी २३ डिसेम्बरसम्म चल्नेछ। यसैबीच चिनियाँ जनमुक्ति सेनाका सैन्य अधिकारीहरूले भारतीय सेनाका जवानहरूलाई भारतमै तालिम दिइरहेका कुराहरू पनि बाहिर आएका छन्। न्यू इन्डियन एक्सप्रेसका अनुसार चिनियाँ जनमुक्ति सेनाका उच्च अधिकारी तेलंगनाको सिकेन्दरावादमा रहेको कलेज अफ डिफेन्स म्यानेजमेन्टमा भारतीय सैनिक अधिकारीहरूलाई तालिम दिन व्यस्त रहेका छन्। गत महिना मार्चमा उहाँ त्यहाँ पुग्नु भएको थियो। चीन र भारत दुई देशका अधिकारीहरूबीच गत २० वर्ष अगाडी देखिनै सहयोगको आदान-प्रदान हुँदै आएको थियो। सन् २००३ देखि दुवै देशका सैनिक अधिकारी, नेभी तथा एयर फोर्सका अधिकारीहरू चिनियाँ सेनासँग तालिम कोर्षलिन लिदैआएका छन्। साझा स्वार्थमा मिलेर कामगर्न दुवै देश सहमत भएको देखिएको छ। गतसाता मंगलबार भारतको नयाँ दिल्लीमा भारतीय विदेश सचिव विजय गोखले र चिनियाँ उप विदेशमन्त्री खोङ सुयानयो नेतृत्वको प्रतिनिधि मण्डलबीच छलफल भएको थियो। छलफलका क्रममा दुवै देशका अधिकारीले द्वीपक्षीय सम्बन्धको विषयमा छलफल गरेको अल इण्डिया रेडियोले जनाएको थियो। छलफलका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सि जिङ पिङबीच गतवर्ष वुहानमा भएको शिखर वार्ताको समीक्षा पनि भएको थियो। छलफलमा आगामी दिनमा दुई देशबीच हुने सम्बन्धमा एजेण्डाका विषयमा छलफल भएको भारतीय विदेश मन्त्रालयले जनाएको छ। त्यस्तै दुवै देश क्षेत्रीय तथा अन्तराष्ट्रिय मुद्दाका साझा स्वार्थमा विषयमा समेत छलफल भएको बताइएको छ। त्यसैगरी दुवै देशका अधिकारीहरू यस क्षेत्रको विकास र समृद्धिका लागि दुई देशबीचको सम्बन्धलाई थप व्यवस्थित गर्दै जाने र यो शताब्दीलाई एशियाको शताब्दीको रूपमा विकासगर्ने विषयमा सहमत भएको आइएएनएसले जनाएको छ। गत महिना भारतीय राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र चिनियाँ विदेशमन्त्री वाङ यीबीच भएको दशक लामो सीमा विवाद समाधान गर्ने विषयमा छलफल भएसँगै गत साता मंगलबारको परामर्श संयन्त्रको बैठक बसेको थियो।

यसैबीच चीनले भारतबाट दारिम, अंगुर, सोया मिल, माछाको तेल र मत्स्य उत्पादन आयात गर्ने भएको छ। चीनले यस अघि चामल र चीन पनि भारतबाट आयात गर्ने निर्णय गरेको थियो। चीनले दारिम र अंगुरका बगैँचाहरूका साथै सोया प्रोसेसिङ युनिटको अनुगमनका लागि आगामी महिना उच्चस्तरीय




प्राविधिकहरूको टोली भारत पठाउन लागेको इकोनोमिक्स टाइम्सले जनाएको छ। गत साता दुई देशबीच ब्यापार सन्तुलन कायम राख्नका लागि उच्च गुणस्तरका कृषि उत्पादनहरू आयात-निर्यातगर्न सहमत भएका छन्। त्यसैगरी संयुक्त राज्य अमेरिका राष्ट्रपति डोनाल्ड ट्रम्प र चीनका राष्ट्रपति सी जिनपिङबीच एकअर्का मुलुकका सामानमा तत्काल थप कर वृद्धिका कारण उत्पन्न गतिरोधले पछिल्लो समय व्यापार युद्धको खतरा बढाएको थियो। दुई राष्ट्रपतिबीच हाल एकअर्का मुलुकका सामानमाथि लागि आएका करमा कुनै परिवर्तन गर्ने वा नगर्ने भन्नेबारेमा सहमति भने हुनसकेन। दुई नेताबीच अढाई घण्टाभन्दा बढी चलेको रात्रि भोज पश्चात् ह्वाइट हाउसले आगामी जनवरी १ देखि चिनियाँ सामानमा १० देखि २५ प्रतिशत करवृद्धि गर्ने घोषणालाई अहिले स्थगित गरिएको जनाएको छ। ह्वाइट हाउसले दुवै मुलुकबीच व्यापार सहजीकरणका सन्दर्भमा थप वार्ता गर्ने स्पष्ट गरेको छ। यो सहमतिले द्वन्दमा होमिएको विश्व बजारलाई केही शान्त बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ। ह्वाइट हाउसका अनुसार दुई नेताबीचको बैठक निकै नै सफल बैठक भएको छ। अमेरिकी राष्ट्रपति ट्रम्प र चिनियाँ राष्ट्रपति सी जी-२० को बैठकमा सहभागी हुन अर्जेन्टिनाको ब्युनस आयर्स पुग्नु भएको थियो। चिनियाँ विदेशमन्त्री वाङ यीले यो सम्झौताले दुई मुलुकबीचको आर्थिक तनावलाई थप विस्तार गर्नबाट रोकेको छ र दुवैको जितका रूपमा यो सम्झौता भएको छ भन्नुभयो। सम्झौता बमोजिम अर्को वर्षको शुरूबाटै चिनियाँ सामानमा हाल लागिएको १० प्रतिशत करलाई २५ प्रतिशत पुर्‍याउने राष्ट्रपति ट्रम्पको प्रस्ताव स्थगित भएको छ। तैपनि, यो आंशिक सम्बोधबन मात्र हो। झण्डै ५० अर्ब डलर बराबरका चिनियाँ सामानमा यसअघि नै २५ प्रतिशत कर लाग्न थालिसकेको छ। साथै, राष्ट्रपति ट्रम्पले जनवरीबाट करिब २०० अर्ब डलर बराबरका चिनियाँ सामानमा पनि थप १० प्रतिशत कर लगाउने योजना यसअघि नै चेतावनी दिनुभएको छ। चीनले भने करिब ११० अर्ब डलर बराबरका अमेरिकी सामानमा करवृद्धि गरेको छ। चीनमा रहेका व्यापारिक अवरोध, बौद्धिक सम्पत्तिको चोरी तथा अन्य कारबाहीका कारण चीनमा स्वच्छ व्यापारमा कठीनाई आएको अमेरिकी आरोप छ। यी समस्या सल्झाउन उपयुक्त कदम नचाले चीन विरूद्ध थप दण्डात्मक कार्यबाही गरिने अमेरिकाले चेतावनी दिइआएको छ। अमेरिकी राष्ट्रपतिले जारी गर्नुभएको एक वक्तव्यमा चीन र अमेरिकासँग असिमित सम्भावना रहेको बताउँदै चिनियाँ राष्ट्रपति सीसँग भएको बैठक निकै फलदायी रहेको उल्लेख गर्नुभएको छ। चिनियाँ राष्ट्रपति सी जिनपिङले हामीबीचको सहयोगात्मक कार्यले मात्र शान्ति र समृद्धि हासिल गर्ने दुवै मुलुकको चाहाना पूरा हुन सक्छ भन्नुभएको छ। त्यसैगरी चीनका राष्ट्रपति सी जिनपिङले पनामास्थित व्यापारिक समुदायसमक्ष चीन र पनामाबीच सहयोग र समन्वयको बृद्धिगरी साझा विकासका साथ अघि बढ्न आह्वान गर्नुभएको छ। राष्ट्रपति सी उहाँका समकक्षी पनामाली राष्ट्रपति हुँवा कार्लोस भरेलाले पनामा व्यापार मञ्चका सदस्यहरू तथा यी दुवै देशका उद्यमीहरूलाई सम्बोधनगर्दै सो धारणा राख्नुभएको थियो। उहाँहरूले दुवै देशका व्यापारिक साझेदारिता के कसरी अघिबढाउन सकिन्छ भन्ने बारेमा गृहकार्यगर्न पनि आग्रह गर्नुभएको थियो। यसबाट दुबै देशको साझा बिकास हुनेभन्दै राष्ट्रपति सिले समुदायलाई गत साता सोमबार सम्बोधन गर्नुभएको थियो। मध्य अमेरिकी देश पनामा र चीनबीच कुटनीतिक सम्बन्ध स्थापना भए यता चिनियाँ राष्ट्रपतिको यो पहिलो भ्रमण थियो। यी दुई देशबीच सन् २०१७ मा कुटनीतिक सम्बन्ध स्थापना भएको थियो। कूटनीतिक सम्बन्धको स्थापना भए यता यी दुई देशबीच विभिन्न क्षेत्रमा द्विपक्षीय सहयोग र सहकारिताका विविध कार्यक्रमहरू पनि शुरूभएका उहाँले बताउनु भएको छ। चिनियाँ राष्ट्रपति सी अर्जेन्टिनामा भएको औद्योगिक राष्ट्रको बैठक जी-२० मा सहभागी भएर पनामा पुग्नुभएको थियो। त्यसैगरी चीन, रूस र भारतका नेता तीन देशबीचको सम्बन्ध र सहयोगका क्षेत्रको सवस्तारका लागि सहमत भएका छन्। चिनियाँ राष्ट्रपति सि चिनफिङ, रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदिबीच अघिल्लो साता भएको भेटवार्ताका क्रममा यस्तो सहमति भएको बताइएको छ। विश्वमा शान्ति, विकास र स्थायित्वका लागि तीन देशले आपसमा समझदारी र समन्वयका साथ अघि बढ्नुका साथै यी देशको द्विपक्षीय तथा बहुपक्षीय सम्बन्ध विस्तारमा पनि सहयोग पुग्ने धारणा उहाँहरूको छ। बुनस एयरमा भएको त्रिपक्षीय तथा संयुक्त भेटका क्रममा चिनियाँ राष्ट्रपति सिले चीन, रूस र भारत एक आपसका महत्वपूर्ण तथा रणनैतिक साझेदार राष्ट्र भएकोले पनि एकापसमा मिलेर सहयोग र समन्वयका कार्यक्रम बनाउनुपर्ने धारणा राख्नुभएको थियो। राष्ट्रपति सिले तीन देशका साझा चासो र एकै खाले विकास लक्ष्यका साथ अघि बढ्न सकेमा क्षेत्रीयरूपमा मात्र नभएर विश्वकै विकास र स्थायित्वमा पनि ठूलो सघाउ पुग्ने बताउनुभएको थियो। गएका दश वर्षमा तीनवाटै देशले सक्रिय, द्विपक्षीय तथा त्रिपक्षीयरूपमा वार्तागर्दै आएको, निकै खुलारूपमा भएका ती वार्ता तीन देशबीच खुलापनको प्रवर्धन, आपसी एकताकासाथै समझदारी निर्माण र आपसी विश्वासमा आधारित आयोजनाको निर्माणगर्न सघाउ पुगेको उहाँले बताउनुभएको थियो। अहिले क्षेत्रीय, विश्वव्यापिरूपमा पनि एक किसिमले भन्ने होभने विभिन्न खालका र नयाँ चुनौतीको विकास भइरहेकोले यस्ता समस्या समाधान सामूहिकरूपमा खोज्नका लागि पनि त्रिपक्षिय वार्तालाई अघि बढाउन आवश्यक रहेको पनि राष्ट्रपति सिले बताउनुभयो। उहाँले तीन देशले आगामी दिनका लागि नयाँ खालको सम्बन्ध विस्तार गरी आपसी राजनीतिक विश्वासका साथ अघि बढ्न सके यस क्षेत्रमा र विश्वमा समेत देखिएका यस्ता नयाँ नयाँ समस्याको समाधानका लागि सहयोग पुग्ने धारणा सो त्रिपक्षीय भेटका अवसरमा राखेको बताउनुभएको थियो। राष्ट्रपति सिले समूह २०, जी-२० का साथै ब्रिक्स र साङघाई कोअपरेसन अर्गनाइजेसनसमेत गरी तीन देशले एक अन्तरराष्ट्रिय त्रिवक्षीय साझा संयन्त्रकी विकासगरी अघिबढ्नुपर्नेमा जोड दिनुभएको थियो। चीनले थालेको बिभिन्न देशसँगको सम्बन्ध सुधारले उसलाई फेरी थप शक्तिशाली बनाएको चर्चा हुन थालेको छ। *देशप्रेम साप्ताहिक*

# पाकिस्तानी रूपैयाँ अहिलेसम्मकै सबैभन्दा कमजोर

पाकिस्तानको मुद्रा अमेरिकी डलरसँग झण्डै पाँच प्रतिशतले अवमूल्यन भएको पाकिस्तानि केन्द्रीय बैंक, स्टेट बैंक अफ पाकिस्तानले जनाएको छ। मुलुकल भुक्तानी सन्तुलनको अत्याधिक समस्याबाट गुज्रिरहेको समय पाकिस्तानको मुद्रा अेमेरिकी डलरसँग यस वर्ष मात्रै छैठौं पटक कमजोर देखिएको हो। पाकिस्तानी प्रधानमन्त्री इमरान खानले सरकार गठनका एक सय दिन पुगेको वित्न नपाउँदै यहाँको केन्द्रीय बैंकले अमेरिकी डलरसँगको तुलनामा पाकिस्तानी रूपैयाँ अहिलेसम्मकै सबैभन्दा कमजोर बनेको बताएको छ। केन्द्रीय बैंकले राज्यद्धारा सञ्चालनमा ल्याएको मुद्रालाई अप्रत्यक्ष रूपमा कैयौं पटक अवमूल्यन गरी व्यापक रूपमा असन्तुलित बनेको भुक्तानी घाटालाई कम गर्ने प्रयास गरिसकेको थियो। पाकिस्तानी व्यापारीले देशको मुद्रामा झण्डै पाँच प्रतिशतले गिरावट भई प्रतिडलर पाकिस्तानी रूपैयाँ १४३ हुँदा समेत प्रधानमन्त्री खान र उनको अर्थमन्त्री असद उमरले मुद्रा संकुचनलाई नियन्त्रणमा राख्ने वृहत् योजना ल्याउन नसकेको भन्दै सरकारको अलोचना गरेका छन्।



व्यापारीहरूले मुलुकको आर्थिक दुरावस्थाप्रति सरकार संवेदनशील बन्न नसकेको भन्दै आलोचना गरेका छन्। यद्यपि सरकारले अन्तर्राष्ट्रिय मुद्रा कोषसँग भएको एक हप्ता लामो वार्तामा राज्यलाई आवश्यक कर्जा सहायताका लागि बृहद् योजना प्रस्तुत गर्न नसकेको आरोप पाकिस्तानी व्यापारीहरूको रहेको छ। पूर्व क्रिकेट खेलाडी समेत रहेका खानले प्रधानमन्त्रीका रूपमा सपथ खाएसँगै आर्थिक सुधारका लागि भन्दै सरकारको स्वामित्वमा रहेका मूल्यवान गाडी, हेलिकोप्टर लगायतका सामानको प्रक्रिया पुर्‍याएर लिलाम विक्री गर्ने र मित्रराष्ट्रबाट कर्जा लिने र मुद्रा कोषसँग आर्थिक सुधार प्रयासका लागि संवेदनशील भै वार्ता गर्ने बताएका थिए। सुधारका विषयमा ठूला ठूला कुरा गरे पनि अर्थतन्त्रलाई थप कमजोर हुनबाट जोगाउन प्रष्ट निर्देशन नआएको आइएमएफसँग थप कर्जा लिन वा कर नीतिलाई खानको कार्यकालमा पनि निर्दिष्ट लक्ष्य प्राप्त गर्ने गरी अघि बढाउन नसकेकोले पाकिस्तानी अर्थबजार निराश देखिएको छ, एलिक्जिर सेकुरिटीका निर्देशक हमाद इकवाले बताए।

पाकिस्तानी रूपैयाँले वर्षको शुरूदेखि अहिलेसम्म आफ्नो मूल्यको झण्डै एक तिहाई मूल्य गुमाएको छ। पाकिस्तानमा विदेशी मुद्रा सञ्चितिको स्थितिमा निकै कमी आएका कारण इस्लामिक गणतान्त्रिक मुलुकमा मुद्रास्फितिको समस्या देखिएको छ। यस वर्ष पाकिस्तानमा विदेशी मुद्राको सञ्चितिमा करिव ४० प्रतिशतले गिरावट आएको छ। पाकिस्तानी सरकारले अक्टोवरमा प्रधानमन्त्रीको साउदी अरवमा भएको भ्रमणमा पछिल्लो आर्थिक अवस्थालाई हेर्दै साउदी सरकारसँगबाट एक वर्षे सम्झौता गरी करिव छ अर्व अमेरिकी डलर लिने सहमति गरेको छ। यो कर्जा सहयोगका बावजुत पनि पाकिस्तानी अर्थ मन्त्रालयले अन्तर्राष्ट्रिय मुद्रा कोषसँग दिर्घकालीन आर्थिक योजना अन्तर्गत वृहद् सहयोगका लागि आग्रह गरिरहेको छ। पाकिस्तानले सन् १९८० देखि नियमित रूपमा आर्थिक कर्जा लिदै आएको छ र खानको नयाँ सरकारले पनि अर्थतन्त्र सुधारका लागि कार्यक्रम सहित कर्जा लिन कोषलाई आग्रह गरिरहेको छ।

इस्लामावादले महत्वाकांक्षी भौतीक संरचना निर्माणका लागि विभिन्न योजनामार्फत अर्वौं डलर बराबरको चिनियाँ कर्जा लिएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषको सबैभन्दा ठूलो दाता अमेरिकाले कोषसँग लिएको ऋण सहयोग बेइजिङको जमानत रकम तिर्न प्रयोग गर्न सक्ने आशंकामा पाकिस्तानलाई कर्जा दिन आनाकानी गरिरहेको छ। *चर्चा साप्ताहिक*

## जिल्ला समाचार

### उपप्रम यादवलाई ज्ञापनपत्र

रौतहट। विभिन्न किसिमका माग राख्दै आंदोलनमा रहेका रौतहटको माधव नारायण नगरपालिकामा कार्यरत स्थानीय निकायका कर्मचारीहरूले शुक्रबार संघीय समाजवादी फोरम नेपालका केन्द्रीय अध्यक्ष तथा नेपाल सरकारका उपप्रधान तथा स्वास्थ्य मंत्री उपेन्द्र यादवलाइ ज्ञापनपत्र बुझाएका छन्। माधव नारायण नगरपालिका आयोजना गरिएको पार्टी प्रवेश कार्यक्रममा सहभागी हुन पुगेका मंत्री यादवलाई आन्दोलनमा रहेका कर्मचारीहरूले ज्ञापनपत्र बुझाएका हुन। कृष्णनंदन यादव, रविन्द्र मण्डल, रामबाबु साह लगायतका कर्मचारीहरूले सामूहिक रूपमा ज्ञापन पत्र बुझाएका हुन्। ज्ञापन पत्रमा नेपाल सरकार बाट जारी गरिएको कर्मचारी समायोजन अध्यादेशमा पेशागत स्थायित्व र कर्मचारी समायोजनको लागि सबै सेवाबीच समान व्यवहार नभएको उल्लेख गरिएको छ। समतामूलक व्यवहारको लागि स्थानीय तहमा क्रियाशील संघ, संगठन, यूनियन, एशोसिएशनहरूले संयुक्त रूपमा उठाएका मागको सम्बोधन हुनुपर्ने माग ज्ञापन पत्र मार्फत गरिएको छ।

### प्रदेश २ सबैभन्दा अगाडि हुन्छ : मुख्यमन्त्री

जनकपुरधाम। मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले स्रष्टाहरूको सम्मानका लागि प्रतिलिपी अधिकारको कार्यान्वयनमा प्रदेश सरकार सबैभन्दा अगाडि रहने बताएका छन्। जनकपुरमा सोमबार आयोजित प्रतिलिपी अधिकार रोयल्टी व्यवस्थापनमा प्रदेश सरकारको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले आफ्नो जीवन समर्पित गरेर उत्पादन गरेका सृजनाको संरक्षण गर्न प्रदेश सरकार सदैव तत्पर रहने उल्लेख गरे। विभिन्न सृजना मार्फत समाजलाई मनोरञ्जनका साथै सही बाटो समेत देखाउने स्रष्टाहरूले सम्मानका साथै शुल्क समेत पाउने गरि कानून निर्माण चाँडै गरिने उनले प्रतिवद्धता जनाए। उनले भने, 'स्रष्टाहरूले नाम मात्र होइन माम पनि पाउनु पर्दछ , त्यसका लागि आवश्यक कानून हामी छिटै ल्याउछौ, अन्य प्रदेश भन्दा अगाडी नै ल्याउँछौ।' संगीत रोयल्टी संकलन समाजका अध्यक्ष सुरेश अधिकारीको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रममा वरिष्ठ संगीतकार एवं राष्ट्रिय सभा सदस्य खेम नेपाली, प्रदेश सरकारका मुख्यसचिव दीपक सुवेदी, संगीतकार डा. रंजित झा सहितका वक्ताहरूले सम्बोधन गरेका थिए। कार्यक्रममा प्रदेश २ का गीतकार, संगीतकार, गायक, रंगमंचका कलाकारहरू समेतको सहभागिता रहेको थियो।

### मोबाइल एप्स "खुल्दुली" शुभारम्भ

रूपन्देही। किशोरकिशोरी तथा युवामाथि हुने जोखिम कम गर्न सरकारले मोबाइल एप्स 'खुल्दुली' शुभारम्भ गरेको छ। किशोरकिशोरी तथा युवा युवतीलाई यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सूचना दिने उद्देश्यले तयार गरिएको मोबाइल एप्स खुल्दुली बुटवलमा एक कार्यक्रमबीच शुभारम्भ गरिएको हो। संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष र जर्मन विकास नियोगको सहयोगमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले मोबाइल एप्स तयार गरेको हो। एप्सको शुभारम्भ गर्दै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका स्वास्थ्य शाखा प्रमुख उमाशङ्कर चौधरीले यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सम्पूर्ण जानकारी एप्समा व्यवस्थापन गरिएकाले किशोरकिशोरी र युवाका लागि लाभदायक हुने विश्वास व्यक्त गरे। स्वास्थ्य सेवामा आधारभूत मनो-परामर्श दिने, परीक्षण गर्ने, स्वास्थ्य जाँच गर्ने र स्वास्थ्य संस्थामा नभएको सेवाका लागि सेवाग्राहीलाई कहाँ पठाउने भन्ने जानकारी समेत मोबाइल एप्समा रहेको उनले जानकारी दिए। मोबाइल एप्सले किशोरकिशोरीको यौन जिज्ञासा मेटाउने हुँदा लैङ्गिक हिंसा र यौन हिंसामा समेत कमी हुने विश्वास व्यक्त गरे।

### विवाह प्रस्ताव अस्वीकार गर्दा छुरा प्रहार

पर्सा। पर्सागढी नगरपालिका- १ भटनीका जयकिशोरप्रसाद चौधरीले छुरा प्रहार गर्दा स्थानीयवासी १८ वर्षीया सकुन्ताला चौधरी गम्भीर घाइते भएकी छन्। घाइते सकुन्तलाको वीरगञ्जस्थित नेशनल मेडिकल शिक्षण अस्पतालमा उपचार भइरहेको प्रहरी नायब उपरीक्षक मानबहादुर राईले जानकारी दिए। जयकिशोरप्रसाद र सकुन्तला नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय बढनियारमा कक्षा ११ मा अध्ययनरत छन्। पटक/पटक राखेको विवाह प्रताव सुकन्तलाले अस्वीकार गरेको भन्दै जयकिशोरले उनीमाथि छुरा प्रहार गरेको राईले बताए। जयकिशोरप्रसादलाई पक्राउ गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

### उद्योग वाणिज्य संघको आपत्ति

राकेश यादव, रौतहट। नेपाल प्रहरीको कार्यप्रति रौतहट उद्योग वाणिज्य संघले आपत्ति जनाएको छ। महासचिव रविन्द्रनाथ गोपालीले सोमबार एक प्रेस विज्ञप्ति जारी गरी व्यापारीहरूलाई नेपाल प्रहरीका जवानहरूले अनावश्यक रूपमा हैरान गर्ने गरेको आरोप लगाएका छन्। नेपाल भित्रबाट सामान खरीद गरी लगिदै गरेको अवस्थामा पनि नियन्त्रणमा लिने गरेको कार्यप्रति संघ घोर आपत्ति जनाएको हो। गौरस्थित पुष्पा ट्रेडर्सबाट खरीद गरी ईशनाथ-४ मा रहेको नवल स्टोर्सका लागि पठाइएको सामान प्रहरी चौकीका चेकजाँचको क्रममा बलजवरदस्ती नियन्त्रणमा लिएको कार्यप्रति वाणिज्य संघको ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ। प्रहरीले व्यापार गर्ने प्राकृतिक न्यायको अधिकार कुंठित गरेको वाणिज्य संघको ठम्याइ रहेको छ। भ्याट पान नंबर हुँदाहुँदै पनि प्रहरीले ज्यादती गरिरहेको हुदा सो कार्य बन्द गरी सहज रूपमा व्यापार गर्ने वातावरण बनाइएन भने यसको विरूद्ध कडा आन्दोलन गर्ने समेत संघले चेतावनी दिएको छ। शंकाको भरमा व्यापारीहरूको सामान चेकजाँच गरी अनुसन्धानको बहानामा भन्सार चलान गर्ने कार्य प्रहरीको नियतमा खोट रहेको प्रमाणित भैरहेको विज्ञप्तिमा भनिएको छ, 'व्यापारीका लागि सहज वातावरण बनाइदिनु पर्यो।'

### रूपन्देही खुल्ला दिशामुक्त क्षेत्र घोषणा

चन्द्रकान्त खनाल, रूपन्देही। रूपन्देही जिल्ला लाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरिएको छ। लुम्बिनीमा शुक्रबार एक कार्यक्रमको आयोजना गरि देशकै ६१ औं र प्रदेश ५ को ११ नम्बरमा रूपन्देही जिल्लालाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरिएको हो। प्रदेश नम्बर ५ का भौतिक पुर्वाधार विकास मन्त्री बैजनाथ चौधरीको प्रमुख आतिथ्यतामा आयोजना गरिएको कार्यक्रममा १६ वटै स्थानीय तहका प्रमुख उप्रमुखको उपस्थितिमा खुल्ला दिशा मुक्तक क्षेत्र घोषणा गर्दै पूर्ण कार्यान्वयनका लागि प्रतिबद्धता समेत जनाएका छन्। मन्त्री चौधरीले रूपन्देही जिल्ला भौतिक पुर्वाधारले बिकसीत जिल्ला भएपनि खुल्ला दिशा मुक्त क्षेत्र घोषणमा ढिलाई भएको बताए। खुल्ला दिशा मुक्त क्षेत्र जिल्लालाई घोषणा गरेपनि यसको कार्यान्वयन चुनौतिपूर्ण रहेको मन्त्री चौधरीले बताउँदै १६ वटै स्थानीय तहले कार्यान्वयनमा ल्यैजानु पर्नेमा जोड दिए। प्रदेश सभाका सदस्य फकरूद्धिन खाँले सरसफाई सबैको लागि आवश्यकता रहेको बताउँदै खुल्ला दिशामुक्त क्षेत्र घोषाण गरेर मात्र नहुने वताए।। यसको कार्यान्वयन चुनौतिपूर्ण रहेको नेपाली कांग्रेसका नेता समेत रहनु भएका खाँले बताउँदै सबैले प्रतिबद्ध भएर कार्यान्वयनमा लाग्नु पर्नेमा जोड दिए।। त्यस्तै प्रदेश सभाका सदस्य अष्ठभुजा पाठकले जिल्लालाई खुल्ला दिशामुक्त घोषणा गर्दै अब पूर्ण सरसफाई युक्त बनाउँनमा जोड दिनु पर्ने बताए।

### बृहत सरसफाई अभियान

नेपालगन्ज। राष्ट्रिय अनलाईन पत्रकार संघ (नोजा) प्रदेश नं. ५ को प्रमुख आयोजना तथा अगुवाईमा बृहत सरसफाई अभियान सम्पन्न गरेको छ। नोजाको अगुवाईमा भएको 'धुलो रहित नेपालगन्ज' र शालिक सरसफाई अन्तरगत शनिबार विहान ६ लेनको गणेशमान चोकदेखि भेरी प्राविधिक शिक्षालय चोकसम्म करिब १ किलोमिटर सडक बृहत रूपमा सरसफाई गरिएको छ। सरसफाईको क्रममा सडकमा रहेको फोहोर मात्र टिप्नुको साथै सडकमा रहेका धुलो तार ब्रुशले सफा गरी झाडु लगाई बढारिएको थियो। साथै ढल निकासको लागि निर्माण गरिएको नालामाथि तथा दायाँबार्या जम्मा भएको धुलोलाई समेत बेल्चा, खैती र फरूवाले सफा गरिएको थियो। 'धुलो रहित नेपालगन्ज' अभियानमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, विभिन्न संघसंस्था, पत्रकार र स्थानीय टोलबासी गरी करिब ६ सयको सहभागितामा भएको सरसफाईमा राष्ट्रिय अनलाईन पत्रकार संघ ( नोजा) प्रदेश नं. ५ का अध्यक्ष उदयसिंह श्रेष्ठले भन्नु भयो -'नोजाले अगुवाई गरेको यो धुलो रहित नेपालगन्जको अभियानमा सहभागी हुने सबै समुदाय प्रमुख आयोजकको रूपमा रहने छन। सफाई हुनुपर्छ, सफाई सबैको लागि हो। आयोजक को हो भन्दा पनि सहभागी सबै आयोजक नै हो। यो अभियानको अगुवाई भने राष्ट्रिय अनलाईन पत्रकार संघ (नोजा) प्रदेश नं. ५ ले गरेको छ।'



मधेशमा राजनीतिक शक्ति निर्माण गरि मधेशको हितमा संविधान संशोधन गराउन राजपा नेपाल र फोरम नेपालको एकीकरण अनिवार्य छ । हिमाली क्षेत्रका जनताको अधिकारको सुनिश्चितताको लागि पुर्व पश्चिम हिमालयन राजमार्ग र एकीकृत बस्ती विकाश कार्यक्रम अबिलम्ब शुरू गरौं । **सत्यनारायण मण्डल**



नेपालका दुई छिमेकी शक्ति राष्ट्रका दुई प्रतिस्पर्धी कित्तामा विभाजित छन् । रेल र हवाई केही हदसम्म सडक समेत मार्ग मार्फत नेपालको अन्तराष्ट्रिय कनेक्टिभिटी विस्तार प्रति शक्ति राष्ट्रहरूको आ-आफ्नै खाले चासो छ । हाम्रा आन्तरिक बहसमा समेत ति चासोको 'छिटा' परेको संकेत देखिन्छ । **सूर्यराज आचार्य**



प्रधानन्यायाधीश ओमप्रकाश मिश्र अवकाश हुनै लाग्दा सर्बोच्च अदालतमा गोरू ब्याउन मात्र बाँकी छ । ठूला भ्रष्टाचार र अर्बौं राजश्व छलीका मुद्दा आर्थिक मामिलामा कमजोर श्रीमान्का इजलासबाट धमाधम सुनुवाई हुँदै गर्दा गुण्डा नाइके दिपक मनाङ्गेलाई थुनामुक्त गर्ने आदेश पनि भइसकेछ । **मत्रिका पौडेल**



जनताले कांग्रेसलाई मत दिनका लागि सरकारको गतिहिनता नै पर्याप्त हुने संकेतहरू देखिएका छन्।तर कम्युनिष्ट सरकारको दुष्कर्मले गर्दा सरकार हाम्रो हातमा आइपुग्ने कुराले जनतालाई उत्साहित वनाउँला ? कदाचित्त बनाउने छैन । कांग्रेसको लागि सरोकारको विषय त आफ्नै छविलाई कसरी सुधार्ने भन्ने हुनुपर्छ । **गगन थापा**



हाम्रो पार्टीका केही नेताहरूको बोलीले गर्दा पार्टी नेतृत्वलाई सधै अप्ठ्यारोमा पार्ने काम गर्छ । पार्टीको नीति सिद्वान्त विपरीत, पार्टी नेतृत्वसँग सर-सल्लाह नै नगरी, पार्टीको आधिकारिक धारणा नै नबुझी मात्र आफ्नो व्यक्तिगत महत्वाकांक्षा र मीडियामा चर्चामा बनि रहने उद्देश्यले केही साथीहरू पार्टीको नाममा ठोकुवा गर्ने जुन प्रवृत्ति बढ्दै गएको छ, त्यो गलत हो । **कृष्णा सिंह**



योग्य र दक्ष जनशक्तिलाई सेवामा टिकाइराख्न अब बन्ने संघीय, प्रदेश र स्थानीय निजामती सेवा ऐनमा आम कर्मचारीका चासो र सामूहिक जायज मागहरूको सम्बोधन हुनुपर्छ । कर्मचारीको सहयोग भएमा मात्र संघीयता कार्यान्वयनमा सहजता आउन सक्ला । **संगीता रेग्मी**



खगेन्द्र संग्रौलाको दमदार प्रस्तुती पछि अब उनको गुरू सिके राउतलाइ अर्को बर्ष बोलाउँछन् कि नाई ? हेर्न बाँकी छ, सिके राउतका चेलाले बोलेको कुरालाइ वा वा भन्ने कटप्पा समाजले सिके रावतलाई पनि त्यस्तै सम्मान दिन्छ कि दिँदैन ? **प्रदिप भट्टराई**



भारतीय नोट प्रतिबन्धले सीमा क्षेत्रका व्यापारी र आम जनतालाई भईरहेको समस्याको त कुरै छोडौ । तर, #visitnepal2020 मा कति असर पर्छ सरकारले यति सम्म पनि ख्याल नगर्नुले यो सरकार कति सम्मको अदुरदर्शी हो भन्ने कुरा पुष्टि हुन्छ । **विकास ठाकुर**



ग्रामीण क्षेत्रका महिला तथा जातीय आधारमा पिछडिएका, शारीरिक तथा मानसिक कारणले पछाडि परेका समुहहरू धेरै छन् । यस्ता समुहलाई समाजले प्रोत्साहन र सहानुभूति होइन कि अझ घृणाको दृष्टिले हेर्ने गरेको छ । यसलाई न्यूनीकरण गर्न ग्रामीण भेगका महिलालाई सीप सिकाई आत्मनिर्भर बनाउनुपर्छ । **सन्तोषी साह**

## प्रधानसेनापति थापा भारत जाने

काठमाडौं । भारतीय सेनाध्यक्षको मानार्थ दर्ज्यानी चिह्न ग्रहण गर्न प्रधानसेनापति पूर्णचन्द्र थापा औपचारिक भारत भ्रमणमा जाने भएका छन् । भारतीय सेनाको निमन्त्रणामा पुस २७ गते उनी नयाँ दिल्ली जाने तय भएको छ । नेपाली सेनाका प्रवक्ता गोकूल भण्डारीले प्रधानसेनापति थापाको भारत भ्रमणको तयारी भइरहेको बताए । ६ दिने भ्रमणमा उनले उच्चस्तरीय भेटघाटका साथै सैनिक तालिम केन्द्रसमेत निरीक्षण गर्नेछन् । उनी माघ २ मा फर्कनेछन् । प्रधानसेनापतिमा नियुक्तिपछि उनको यो पहिलो विदेश भ्रमण हो । भारतमा उनले रक्षामन्त्री निर्मला सीथारमन, समकक्षी रावतसहित वरिष्ठ सैनिक अधिकारीसँग भेट गर्नेछन् । भारतका राष्ट्रपति रामनाथ कोविन्दले राष्ट्रपति भवनमा हुने विशेष समारोहमा प्रधानसेनापति थापालाई भारतीय सेनाध्यक्षको मानार्थ दर्ज्यानीचिह्न प्रदान गर्ने छन् । भारतीय सेनाध्यक्ष विपिन रावत पनि नेपाली सेनाको मानार्थ सेनापति छन् । सन् १९५० देखि नेपाल-भारत दुवै देशका प्रधानसेनापतिलाई आपसमा मानार्थ प्रधानसेनापति उपाधी दिने परम्परा सुरू भएको हो ।

## इनर्जी बैकिङ गर्न भारत सहमत

काठमाडौं । वर्षाको समयमा नेपालमा बढी हुने विद्युत् उपयोग गर्ने गरी 'इनर्जी बैंकिङ' गर्न भारत सहमत भएको छ । भारतको राजधानी नयाँ दिल्लीमा सम्पन्न विद्युत् आदानप्रदान समिति (पावर एक्सचेञ्ज कमिटी (पिइसी) को १३औं बैठकले नेपाल र भारतबीच इनर्जी बैकिङ गर्ने निर्णय गरेको हो । नेपालले लामो समयदेखि बर्खायाममा उत्पादित बिजुली भारत निर्यात गर्ने र हिउँदमा उताबाट लिने गरी भारतसँग इनर्जी बैकिङ गर्ने प्रस्ताव अगाडि बढाएको थियो । आगामी वर्षदेखि माथिल्लो तामाकोशीलगायत केही आयोजना निर्माण सम्पन्न हुने र बर्खायामको विद्युत् नेपाललाई बढी हुने भएकाले त्यसको विकल्पका रूपमा भारत पठाएर इनर्जी बैंकिङ गर्न सकिने विषयमा छलफल हुँदै आएको थियो । पिइसीको बैठकले इनर्जी बैकिङको विधि र प्रारूप समेटिएको निर्देशिकाको मस्यौदामा सहमति जुटाई अन्तिम रूप दिइएको हो । इनर्जी बैकिङको विधि र प्रारूप समेटिएको निर्देशिकालाई आगामी जनवरीमा बस्ने दुई मुलुकका सहसचिवस्तरीय 'ज्वाइन्ट वर्किङ ग्रुप' र सचिवस्तरीय 'ज्वाइन्ट स्टेरिङ कमिटी'को बैठकले अनुमोदन गर्नेछ । यसअघि 'ज्वाइन्ट स्टेरिङ कमिटी'ले इनर्जी बैकिङको विधि र प्रारूप तयार गर्न दुई मुलुकबीचको प्राविधिक कमिटीलाई निर्देशन दिएको थियो । पिइसी बैठकले नयाँ बुटवल-गोरखपुर ४०० केभी दोस्रो अन्तरदेशीय प्रसारण लाइन निर्माण अगाडि बढाउने निर्णय गरेको छ । बैठकमा सहभागी प्राधिकरणका प्रवक्ता एवं विद्युत् व्यापार विभाग प्रमुख प्रबल अधिकारीले नेपालले शुरूका पाँच/सात वर्ष 'इनर्जी बुक' गर्न प्रस्ताव गरेको र त्यसमा भारत सकारात्मक रहेको छ ।

## "खुल्ला सिमाना आ वैवाहिक सम्बन्ध" विषयक विचार गोष्ठी सम्पन्न




जनकपुरधाम, ९ पुस । नेपाल-भारत खुला सम्वाद समूहले जनकपुरधाममा "खुल्ला सिमाना आ वैवाहिक सम्बन्ध" विषयक विचार गोष्ठी सम्पन्न गरेको छ । विचार गोष्ठी कार्यक्रममा नेपाल तथा भारतका बुद्धिजीबीहरूको उपस्थिति रहेको थियो ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर लाल किशोर साहको प्रमुख आतिथ्य तथा नेपाल भारत खुला सीमा संवाद समूहका संयोजक राजीब झाको अध्यक्षतामा कार्यक्रम भएको हो । समूहले समाजमा विभिन्न तरिकाले विशेष योगदान पुर्याए बापत तीन जनालाई सम्मान गरेको छ ।

मिथिला मैथिली र शिक्षा क्षेत्रमा विशेष योगदान बापत डा बैद्यनाथ चौधरी, व्यावसायिक क्षेत्रमा उत्कृष्ट कामबापत कैलाश जैन, मैथिल युवा मंच दिल्लीको संस्थापक तथा चार्टर एकाउन्टेन्सी पेसाले देश बिदेशमा जनकपुरलाई चिनाउन सफल अर्थ बिज्ञ मनिन्द्र झालाई विशेष सम्मान गरेको छ ।

विचार गोष्ठीमा भारतको तर्फबाट मिथिला मैथिली आन्दोलनको जनक विभिन्न कलेज र स्कुलको संस्थापक विद्वान डा. बैधनाथ चौधरी "बैजुबाबू", साहित्यकार चन्द्रमोहन झा "परवा जी', डा. उदयकान्त मिश्र, सुनिला रानी झा, सीमा कुमारी, केके मिश्रा, ललिता देवी, सीमा झा, चौधरी बैद्यनाथ राय, चन्द्र शेखर झा "बुर्हाभाय', मिथिलेश कुमार मिश्रा, अनिल कुमार मिश्रा, विष्णु कुमार मिश्र लगायत साहित्यकार, कवि, प्राध्यापकहरूको उपस्थिति रहेका थिए ।

नेपालको तर्फबाट संस्थाकाका सदस्य राजु चौधरी, कुन्दन झा, किरण झा, पंकज मंडल सल्लाहकार पूर्वप्रशासक जिबछ मिश्रा, काशिकान्त झा, कवि बिजय दत्त मनि, दिगम्बर झा "दिनमनि", काशिकान्त झा "रसिक", उद्योग वाणिज्य संघ प्रदेश २ को अध्यक्ष हिरा साह, श्याम सुन्दर लाल कर्ण, चार्टर्ड एकाउन्टेन्ट मनिन्द्र झा, उद्योगी कैलाश जैन, राजपा नेपाल अध्यक्षमंडल सदस्य संजय सिंह, नेता संजय चौधरी, युबा नेता प्रशान्त झा, स्थानीय र राष्ट्रिय पत्रपत्रिका टेलिभिजनका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

नेपाल-भारतको सदियौंदेखि चलिरहेको सांस्कृतिक, धार्मिक, आर्थिक, राजनीतिक, प्राकृतिक, वैवाहिक सम्बन्ध खुला सीमाको कारण कायम रहेको अधिकांश वक्ताहरूको भनाइ थियो ।

## व्यापार समस्या सहजीकरण गर्न पहल गर्ने मुख्यमन्त्री योगीको प्रतिबद्धता

काठमाडौं । भारतको उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले आफ्नो प्रदेश र नेपालबीचका सीमा नाकामा उठ्ने गरेका व्यापार समस्या सहजीकरण गर्न आफैले नेतृत्व लिने बताएका छन् । नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणाको नेतृत्वमा गएको १९ सदस्यीय व्यावसायिक प्रतिनिधिमण्डलसँगको छलफलका क्रममा उनले यस्तो आश्वासन दिएका हुन् । नेपाल र उत्तरप्रदेशबीच आर्थिक, व्यापारिक सम्बन्ध विस्तार, लगानी आकर्षण, पर्यटन प्रवर्द्धनमा सहकार्यका क्षेत्रहरूका सम्भाव्यता पहिल्याउन एफएनसीसीआई प्रतिनिधिमण्डल यतिखेर उत्तर प्रदेशको भ्रमणमा छ । महासंघसँगको भेटवार्तामा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले नेपालको सीमा जोड्ने रणनीतिक सडकको स्तरोन्नती र भन्सार नाकामा भइरहेको ढिलाई कम गर्न आफ्नो सरकारले काम थालेको बताए ।

मुख्यमन्त्रीको कार्यालय लखनउमा भएको भेटमा उनले भैरहवा, नेपालगञ्जदेखि पश्चिम गौरीफन्टासम्म आफै पुगेर त्यहाँ भइरहेको विकास तथा व्यापार सहजीकरणको काम अनुगमन गरेको पनि बताए । नेपाल भारत बीच हालसम्मको सांस्कृतिक तथा सामाजिक सम्बन्धलाई अब व्यापारिक सम्बन्धमा विकास तथा विस्तार गर्नु आवश्यक रहेको मुख्यमन्त्री आदित्यनाथको भनाइ छ । भेटका क्रममा महासंघ अध्यक्ष राणाले दुई मुलुकबीच भन्सार तथा सडकको विकासमा उत्तर प्रदेश सरकारले दिएको प्राथमिकताको स्वागत गर्दै नेपालको धार्मिक पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धनमा उत्तर प्रदेशको सहयोग महत्वपूर्ण रहने बताएकी थिइन् ।

## भारतले नेपालसँग बिजुली खरिद गर्ने

काठमाडौं । भारतको एनटीपसी विद्युत ब्यापार निगम (एनभीभीएन)ले नेपालसँग १५ सय मेगावाट विजुली खरिद गर्ने प्रस्ताव गरेको छ । दिर्घकालीन रूपमा बिजुली किन्ने गरी भारतले प्रस्ताव गरेको हो । ऊर्जामन्त्री वर्षमान पुन अनन्तले एनभीभीएनको प्रस्तावले नेपालमा विजुली उत्पादन गर्दा बजारको अभाव हुँदैन भन्ने प्रष्ट पारेको बताए । एनभीभीएन भारतीय सरकारी स्वामित्वको नोडल एजेन्सी हो । जसमार्फत नेपालले भारतसँग बिजुली पनि किनिरहेको छ । एनभीभीएनले भारतीय कम्पनी जीएमआरले माथिल्लो कर्णालीबाट उत्पादन गर्ने ५ सय मेगावाट विजुली खरिद गरेर बंगलादेश पठाउन खोजेको छ । यस्तै उसले अन्य आयोजनाबाट नेपालमा भविष्यमा उत्पादन हुने बिजुली पनि बिन्ने इच्छा देखाएको हो । अहिलेसम्म नेपालले भारतबाट विजुली आयात गरिरहेको छ । माथिल्लो तामाकोशीबाट बिजुली उत्पादन सुरू भएपछि भारतमा बिजुली बेच्न सकिने अवस्था आउने सरकारको दाबी छ । सरकारले आधारभूत तहमा अहिलेभारतसँग वर्षा याममा बढी भएको बिजुली भारतलाई दिएर त्यति नै परिमाणमा सुख्खा याममा भारतबाट आयात गर्ने गरी इनर्जी बैंकिङको प्रस्ताव गरेको छ ।

## निर्देशिका परिमार्जन भएपछि प्रचण्ड खुशी

काठमाडौं । नेपालको उर्जा क्षेत्रमा सकारात्मक परिवर्तन आउने गरी भारतको सीमापार विद्युत् व्यापार (आयात-निर्यात) निर्देशिका परिमार्जन भएपछि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' खुशी देखिएका छन् । निर्देशिकामा यसअघि ५१ प्रतिशत भारतीय लगानीका विद्युत् गृहको बिजुली मात्रै किन्ने भनेर रहेका व्यवस्था हटाउँदै लगानी नभएका विद्युत् गृहबाट पनि बिजुली किन्ने व्यवस्था गरिएको छ । उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनको प्रयासपछि भारतले निर्देशिका परिमार्जन गरेको हो । यसअघिका सरकार र मन्त्रीले समेत निर्देशिका परिमार्जनका लागि पहल गर्दै आएका थिए । संसद बैठकमा भारतले निर्देशिका परिमार्जन गरेको सन्दर्भ कोट्याउँदै अध्यक्ष प्रचण्डले यसलाई ठूलो उपलब्धिको रूपमा व्याख्या गरेका छन् ।

उनले अहिलेको बलियो सरकार, स्थिरताको वातावरण र प्रधानमन्त्री केपी शर्मा ओलीको भारत र चीनको भ्रमणले सकारात्मक परिदृश्य देखा परेको बताए । उनले संसदमा दुईतिहाइ बहुमत प्राप्त सरकार बनेपछि भारत र चीनसँग थुप्रै नयाँ सम्झौता भएका र पुराना सम्झौता कार्यान्वयनमा गएका पनि बताए । भारतले निर्देशिका परिमार्जन गरेसँगै नेपालमा उत्पादित बिजुली भारत निर्यात गर्ने बाटो खुलेको छ । आफ्नो लगानीमा बनेका आयोजनाको बिजुली मात्रै किन्ने प्रावधान यसअघि निर्देशिकामा समावेश थियो । नेपाली पक्षले भारतलाई निर्देशिकाको प्रावधान परिमार्जन गर्ने आग्रह गर्दै आएको थियो ।

## आर्थिक समाचार

### प्राइम कमर्सियल बैंकको शाखा तारकेश्वरमा

काठमाडौं । आफ्नो शाखा संजाल बिस्तारको कममा सोमबार प्राइम कमर्सियल बैंक लिमिटेडले तारकेश्वर नगरपालिकामा शाखाको शुभारम्भ गरेको छ । यस शाखाको संचालन पछि बैंकको शाखा कार्यालय संख्या ६८ पुगेको छ । स्थानीय उद्योगी, व्यवसायी, शिक्षक, समाजसेवी तथा विभिन्न पेशाकर्मीहरूको उपस्थितिमा एक समारोहका बीच नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठले शाखा कार्यालय तारकेश्वरको समुद्घाटन गरेका हुन् । यसै कमलाई निरन्तरता दिँदै बैंकले आगामी दिनहरूमा पनि शाखाहरूको संजाल बिस्तार गर्दै लगी आफ्नो सेवा दिन अग्रसर रहेको प्रतिवद्धता प्रकट गरेको छ । साथै बैंकले निक्षेपकर्ता तथा ग्राहकहरूलाई प्रदान गरिने सेवालाई थप गुणस्तरीय बनाउन आफ्नो सेवालाई थप चुस्त, आत्मीय र ग्राहकमुखी बनाउने बैंकका प्रमुख कार्यकारी अधिकृत नारायण दास मानन्धरले विज्ञप्तिमार्फत् जनाएका छन् ।

### शिवम् सिमेन्टको कार्यशाला

काठमाडौं । शिवम् सिमेन्टले 'मजबुत निर्माणमा गुणस्तरीय सिमेन्टको भूमिका' विषयक कार्यशाला सम्पन्न गरेको छ । कार्यक्रममा निर्माण व्यवसायी, ठेकेदार, मिस्त्री, इन्जिनियर लगायतको सहभागिता रहेको जारी विज्ञप्तिमा छ । कार्यक्रम सिमेन्टलाई कंक्रिट र प्लास्टरमा सही तरिकाले प्रयोग गर्न प्राविधिक ज्ञाान तथा ओपीसी सिमेन्टको फइदा र विषेशताबारे जानकारी गराइएको थियो ।

### ग्लोबल आइएमई र नेपाल नेशनल हस्पिटल बीच सम्झौता

काठमाडौं । ग्लोबल आइएमई बैंक लि. र नेपाल नेशनल हस्पिटल बीच अस्पतालले प्रदान गर्ने विभिन्न सेवा तथा सुविधाहरूमा दिइने छुट सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । बैंकले अस्पतालसँग आफ्ना ग्राहकलाई स्वदेशमै गुणस्तरीय उपचारमा सहुलियत दिने उद्देश्यले दुईपक्षीय सम्झौता गरेको हो । उक्त सम्भौतापत्रमा नेपाल नेशनल हस्पिटलका बजार व्यबस्थापन प्रबन्धक श्रुती राणा र ग्लोबल आइएमई बैंकका कार्ड बिक्रि, वितरण तथा प्रबर्द्धन विभाग प्रमुख रविन्द्र ढकालले हस्ताक्षर गरेका छन् । ग्लोबल आइएमई बैंकले आफ्ना ग्राहकहरूलाई बैंकिङ्ग सेवाको अतिरिक्त अन्य सुविधाहरू प्रदान गर्ने उद्देश्यले लामो समयदेखि विभिन्न संस्थासँग समन्वय गरी यस्तो योजनाहरू ल्याईरहेको छ ।

## विकासका लागि राजदूतसँग भेटवार्ता



कपिलवस्तु । कपिलवस्तुको समग्र विकास र खासगरी क्षेत्र नं. ३ को विकासका लागि नेपालका लागि भारतीय राजदूत मनजीव सिंह पुरीसँग भेटवार्ता गरिएको छ । विकासप्रेमी नेता पूर्वमंत्री ईश्वर दयाल मिश्रको नेतृत्वमा पूर्वस्थानीय विकास अधिकारी चिरंजीवी भण्डारी, विजयनगर गाउँपालिका अध्यक्ष गोपाल थापा र सोहि गाऊँपालिकाका समाजसेवी अग्नि सापकोटा लगायतका टोलीले भारतीय राजदूतसँग औपचारिक भेट वार्ता र विकासका लागि डेलिगेशन दिइएको छ ।

क्षेत्र नं. ३ को शिक्षा, स्वास्थ्य, खानेपानी र सडक लगायत अन्य क्षेत्रको विकास गर्न साथै विजयनगर गाउँपालिकामा कृषि, स्वास्थ्य र इन्जीनियर क्षेत्रमा टेक्निकल विद्यालय र क्याम्पस स्थापना, सुरही खोलामा झुलुंगे पुल लगायत अन्य विकास निर्माणका कार्य गर्न भनिएको छ ।

साथै भारतीय राजदूतलाई विजयनगर गाउँपालिकाको भ्रमण गर्न अनुरोध समेत गरिएको छ ।

भारतीय राजदूत पुरीले आफू उक्त क्षेत्रको भ्रमण गर्ने प्रतिबद्धता दिएका छन् । साथै उक्त क्षेत्रको विकासका लागि आर्थिक र प्राविधिक लगायत अन्य स्तरबाट आफू सदैव सहयोग गर्ने कुरा पूर्वस्थानीय विकास अधिकारी चिरंजीवी भण्डारीले जानकारी दिए ।

## पूर्वमन्त्री क्याप्टन निषादप्रति श्रद्धाञ्जली अर्पण

वीरगन्ज । भारत सरकारका पूर्वकेन्द्रीय मन्त्री मुजफ्फरपुरका लोकप्रिय नेता कैप्टन जय नारायण प्रसाद निषादलाई संघीय समाजवादी फोरम नेपाल पर्साका अध्यक्ष एवम\ सांसद प्रदिप यादवले श्रद्धासुमनका साथ अन्तिम श्रद्धांजलि अर्पण गरेका छन् । राजकीय सम्मानका साथ मुजफ्फरपुरमा आयोजन गरिएको श्रद्धांजलि कार्यक्रममा सहभागी हुँदै सांसद यादवको नेतृत्वमा नेपालबाट पुगेको टोलीले फुलमाल चढाउदै श्रद्धान्जली अर्पण गरेको थियो । नेता निसादको आयोजित श्रद्धांजलि कार्यक्रममा सहभागी हुन नेपालबाट सांसद प्रदीप यादवको नेतृत्वमा बुद्धिजिवि एवम संचारकर्मी लगायतको टोली पुगेको थियो । हार्दिक श्रद्धासुमन अर्पण गर्दै सांसद प्रदिप यादवले नेपाल-भारतको मैत्रीसम्बन्धको प्रगाढता बारेमा सदैव चिन्तीत रहने एउटा कुसल अभिभावक गुमाएको बताए । भारतीय अग्रणी पुस्ताका रूपमा रहेका नेता निसाद जनताको भलो चिताउने जमिनि नेता भएको बताउँदै सांसद यादवले भने, ' नेपालको उन्ती-प्रगती र विकास चिताउने र नेपाल भारतको सम्बन्धलाई अझ प्रगाढ बनाउनु कुरामानै सधै उहाको चिन्ता रहने गर्दथ्यो ।




## एक सेट रेल किन्ने प्रक्रिया सुरू

काठमाडौं । भारतको जयनगरदेखि जनकपुरको कुर्थासम्म चलाउन आफ्नै रेल ल्याउने सरकारी निर्णयसँगै भारतसँग एक सेट रेल किन्ने प्रक्रिया सुरू भएको छ । रेलवे विभागका महानिर्देशक बलराम मिश्रले भारत सरकारसँग रेल किन्नका लागि प्रस्ताव पठाइ सकिएको बताए । मिश्रले सरकारको निर्णय अनुसार तत्कालका लागि एक सेट रेल किन्न प्रस्ताव पठाएको बताए । यसअघि पुस पहिलो साताको बसेको मन्त्रिपरिषद् बैठकले रेल किन्न पचास करोड रूपैयाँ बजेट छुट्टाएको थियो । दुई सेट रेल किन्न झन्डै १ अर्ब लाग्ने भए पनि सरकारले पहिलो चरणमा आधा रकम छुट्ट्याएको हो । सरकारले छ महिनाभित्र भारतको जयनगरबाट जनकपुर आउने रेल सञ्चालन हुने बताएको छ ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं